# परमेश्वरको राज्य
# चेलापन कार्यक्रम
# कार्यपुस्तिका
**खण्ड १**



*परमेश्वरको राज्य चेलापन कार्यक्रम*ले प्रभुको महिमा र उहाँको महान प्रेमको अझ धेरै ज्ञान प्राप्त गर्ने अनि परमेश्वरको सबै परिपूर्णताका मापदण्डमा भरपूर हुने अवसर प्रदान गर्दछ, जसले अरूहरूलाई आफ्ना जीवन यात्रामा यसै गर्न सशक्त बनाउँदछ, ताकि संसारले प्रभुलाई चिन्न सकोस्।

कपीराइट तथा रोयल्टी निशुल्क २०१६। अन्य निशुल्क सामग्रीहरूको निम्ति www.jesuslovestheworld.info मा जानुहोस् वा info@jesuslovestheworld.info मा ईमेल गर्नुहोस्।

jesus loves : the world एक नाफा रहित, स्वयंसेवक आधारित, परमेश्वरको राज्यप्रति अग्रसरता राख्ने संस्था हो, जसले संसारभरिका स्थानिय अगुवाहरूलाई सशक्त बनाउनको निम्ति उनीहरूका क्षेत्रमा गएर व्यावहारिक सेमिनार दिने, मण्डलीहरूमा प्रचार गर्ने, तथा बाइबल कलेजहरूमा शिक्षादिने कार्यहरू आयोजना गर्नुको साथै 'परमेश्वरको राज्य' सामग्रीहरू उनीहरूका मातृभाषामा काम गर्दछ। www.jesuslovestheworld.info

# विषय-वस्तु

परिचय .................................................................... 2

१: अदृश्यलाई देख्नु ...................................................... 3

२: उहाँलाई चिन्नको निम्ति .............................................. 4

३: उहाँले आफैलाई व्यक्तिगत बनाउनुहुन्छ। ............................ 7

४: समय अहिले नै हो। .................................................. 10

५: किनकी परमेश्वरले धेरै प्रेम गर्नुहुन्छ ................,............... 13

६: पिताको प्रेम ............................................................. 15

७: पुत्रको प्रेम ............................................................. 18

८: पवित्र आत्माको प्रेम .................................................. 20

९: म जस्तो छु त्यस्तै स्वीकृति ........................................... 22

१०: परिचय — आत्माबाट जन्मेको ....................................... 24

११: प्रिय (पुत्र) मा स्वीकृति ............................................... 28

१२: सम्बन्धहरू ............................................................ 31

१३: अन्य मानिसहरूलाई जस्तो छ त्यस्तै गरिने स्वीकृति .......... 34

१४: सम्बन्धहरू — समानता ............................................. 37

१५: सम्बन्धहरू — चेलापन .............................................. 40

१६: सम्बन्धहरू — परमेश्वरको राज्य .................................. 42

प्रार्थना .................................................................... 44

१० बीउहरू बारे कार्यतालिका ........................................... 45

# परिचय

*परमेश्वरले प्रेमको कारण  सबै वस्तुहरूलाई आफूसँग पुनर्मिलन, पुनस्र्थापना र नवीकरण गराउनको लागि सबै थोक गर्नुहुन्छ। उहाँ सम्बन्ध राख्ने  परमेश्वर हुनुहुन्छ, उहाँ घनिष्ठ सम्बन्ध राख्ने परमेश्वर हुनुहुन्छ र उहाँ व्यक्तिगत सम्बन्ध राख्ने परमेश्वर हुनुहुन्छ।*

हरेक व्यक्तिले यी अध्ययनहरूबाट भरपूर लाभ उठाउनको लागि म तपाइँहरूलाई अनुरोध गर्दछु किः

- परमेश्वरबाट सुन्ने अपेक्षा गर्नुहोस्
- प्रश्नहरू सोध्नुहोस्
- आफ्ना विचारहरू व्यक्त गर्नुहोस् र छलफल गर्नुहोस्
- आफ्ना उत्तरहरू आफ्नो कार्यपुस्तिकामा लेख्नुहोस्
- र सबैभन्दा ठूलो कुरा, यस अध्ययन यात्राको आनन्द लिनुहोस्

## परमेश्वरको योजना

परमेश्वरको उद्धार गर्ने उद्देश्य, स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरूलाई ख्रीष्ट येशूमा उहाँको अधिकार र शासन मुनि एकिकृत गर्ने योजना, समयको सुरुवात हुनुभन्दा अघि नै बनाइएको थियो। परमेश्वरले ख्रीष्ट येशूद्वारा संसारमा मिलाप र शान्तिको पुनस्र्थापना गर्नुभएको छ। उहाँमा नै हामी परमेश्वरसँग एक हुन्छौं।

**एफिसी १:९-१०** *आफ्ना गुप्त योजना हामीलाई जनाउँनु भएको छ। परमेश्वर यही चाहानुहुन्थ्यो र उहाँले यो ख्रीष्टद्वारा गर्ने योजना गर्नुभयो। ठीक समयमा आफ्नो योजना पूर्ण गर्ने परमेश्वरको उद्देश्य हो। स्वर्ग र पृथ्वीका सबै थोक ख्रीष्टको अधीनमा गर्ने उहाँको योजना थियो।* (ERV)

## चेला बनाउनको लागि

येशूले आफ्नो अधिकार उहाँका अनुयायीहरूलाई (चेलाहरूलाई) दिनुभयो ताकि तिनीहरू जीवनको यात्रामा अघि बढ्दै जाँदा तिनीहरूले पनि पवित्र आत्माको सहायताद्वारा ‘अनुयायीहरू (चेलाहरू) निर्माण गर्दै जाउन्’।

**मत्ती २८:१८-२०** *येशूले तिनीहरूकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीका सारा अधिकार मलाई दिइएको छ। यसकारण जाऊ र सबै देशका मानिसहरूलाई मेरा चेलाहरू बनाऊ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा देओ।  जे जे मैले तिमीहरूलाई आज्ञा गरें ती सबै पालन गर्न तिनीहरूलाई सिकाओ। अनि जगतको अन्तसम्म म सदैव तिमीहरूका साथमा हुनेछु।”* (ERV)

परमेश्वरलाई र तपाइँको निम्ति उहाँको प्रेम साथै उहाँको हुनुहुन्छ के गर्नुभयो र के गर्नुहुनेछ भन्ने कुरा थाहा गरे सँगै चेलापनको थालनी हुन्छ। परमेश्वरसँग, उहाँको वचनमा, उहाँको उपस्थितिमा, आराधनामा, प्रार्थनामा र अन्य विश्वासीहरूसँग समय बिताउने कार्यले परमेश्वरलाई चिन्नको निम्ति हामीलाई मद्दत गर्छ।

जसै हामी यस चेलापन कार्यक्रमको यात्रामा अघि बढ्दै जान्छौं, म येशूको नाममा प्रार्थना गर्दछु, कि उहाँको आत्माद्वारा, तपाइँहरूले प्रभुको महिमा र तपाइँको निम्ति उहाँको महान प्रेमको अझ धैरै ज्ञान प्राप्त गर्न सक्नुभएको होस् अनि परमेश्वरको सबै परिपूर्णताका मापदण्डमा भरिपूर्ण हुनुभएको होस् ताकि संसारले प्रभुलाई चिन्न सकोस्। आमेन

# पाठ १: अदृश्यलाई देख्नु

*सृष्टिकर्ता परमेश्वर सम्बन्ध राख्ने हुनुहुन्छ। उहाँको वचन व्यक्तिगत छ।*
*उहाँको उपस्थिति घनिष्ट हुन्छ। उहाँको सृष्टिले उहाँको गवाही दिन्छ।*

### शुरुको प्रार्थना

यस पाठलाई प्रार्थनाद्धारा शुरु गर्नुहोस्।

### आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वरले आफैलाई हामीकहाँ प्रकट गर्ने उहाँको चहानालाई घोषणा गर्दछन्।

### सामूहिक छलफल

परमेश्वरले आफैलाई हामीकहाँ प्रकट गर्नुहुने विभिन्न माध्यमहरू के के हुन् छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

**भजनसंग्रह १९:१-६; रोमी १:२०; होशे १२:१० र उत्पत्ति ३१:११** पढ्नुहोस्

---

**व्यवस्था ४:३५-३९; उत्पत्ति १५:१; २ राजा ५:१, १४-१५ र यूहन्ना ९:१-७** पढ्नुहोस्

---

**लूका २४:२७; यूहन्ना २०:३१** र **भजनसंग्रह ३३:६-९** पढ्नुहोस्

---

**यूहन्ना १:१४-१८; १४:६-७** र **हिब्रू १:१-४** पढ्नुहोस्

---

**यूहन्ना १६:१३-१५** र **१ यूहन्ना ५:६** पढ्नुहोस्

---

### गवाही दिनुहोस्

कसरी परमेश्वरले आफैलाई तपाईकहाँ प्रकट गर्नुभयो?

---

---

---

---

### धन्यवादको अन्तिम प्रार्थना

आफैलाई हामीकहाँ प्रकट गर्न चहानुहुने परमेश्वरलाई धन्यवाद दिनुहोस्।

# पाठ २: उहाँलाई चिन्नको निम्ति

*सृष्टिकर्ता परमेश्वर समय र स्थानको परिधिभन्दा बाहिर हुनुहुन्छ,*
*तापनि हाम्रो समय र स्थानको अस्तित्वमा आफैलाई व्यक्तिगत बनाउनुहुन्छ।*

## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वरको माहान्ताको घोषणा गर्दछन्।

## परिचय

पहिलो पाठमा परमेश्वरले आफैलाई हामीकहाँ प्रकट गर्नुहुने विभिन्न माध्यमहरूबारे हामीले सिक्यौँ। जब हामी बाइबल – हाम्रो निम्ति लेखिएको परमेश्वरको व्यक्तिगत प्रेम पत्र – पढ्छौँ र अध्ययन गर्छौं, हामी उहाँको बारेमा धेरै कुरा सिक्छौँ। *'आदिमा परमेश्वरले...सृष्टि गर्नुभयो'* भन्ने पहिला शब्दहरू समेतले हामीकहाँ यो प्रकट गर्दछन् कि, आदि जस्तो र जहिले भए तापनि परमेश्वर हुनुहुन्थ्यो र उहाँले सृष्टि गर्नुभयो। परमेश्वरको बारेमा अझ धेरै जान्नको निम्ति हामी बाइबलमा उल्लेखित तीनवटा दर्शनहरूको अध्ययन गर्नेछौं।

## बाइबल अध्ययन – परमेश्वरको दर्शन – इजकिएल

जुन व्यक्तिकहाँ परमेश्वर आफैलाई प्रकट गराउनुहुन्छ, सोहि व्यक्तिको आवश्यकता अनुसार उहाँ प्रकट हुनुहुन्छ। हामी परमेश्वरले इजकिएललाई दिनुभएको दर्शनबारे अध्ययन गर्नेछौं।

## दर्शनको सन्दर्भ

इजकिएल, जो यहूदी कुलका थिए, उनी एक अगमवक्ता र पुजारी थिए। इजकिएल, इतिहासको यो समयमा अन्य यहूदीहरूसँगै विदेशमा बन्दी थिए (**इजकिएल १:१**)। तिनीहरू आफ्नो आराधना गर्ने स्थान, यरूशलेम शहरबाट धेरै टाढ़ा थिए। यहूदीहरू विद्रोही मानिसहरू थिए जसले विदेशीहरूका देवताहरूको आराधना गरिरहेका थिए। यसकारण परमेश्वरले आफ्नो अगमवक्ता र पुजारी इजकिएलकहाँ दर्शनको माध्यमद्वारा शब्द निर्मित एक तस्वीर पठाउनुहुन्छ (**इजकिएल १:३**)।

**इजकिएल १:१५-२१** पढ्नुहोस्

यस बाइबल खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

यस बाइबल खण्डमा उल्लेखित पाँचवटा कुराहरू के के हुन्, छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

**पद १५** ______________________________

**पद १६-१७** ______________________________

**पद १८** ______________________________

**पद १९** ______________________________

**पद २१** ______________________________

वचन खण्डलाई गलत अर्थ लगाउनबाट जोगिनको निम्ति उक्त वचन खण्डको विषयमा निम्न लिखित प्रश्नहरू सोध्नुहोस्:

यस वचन खण्डमा भएका व्यक्तिहरू **को** हुन्? **इजकिएल १:१-३** पढ्नुहोस्

**को** बोलिरहेको छ?

यो व्यक्ति **को** सँग कुरा गरिरहेको छ? **इजकिएल १:२८-२:५** पढ्नुहोस्

मनिसहरू एक अर्कासँग **कसरी** कुराकानी गर्दछन्?

यो घटना **कहाँ** घटेको थियो?

यो घटना **कहिले** घटेको हो – येशू देह र रगत भएर आउनु, क्रूसमा मर्नु, मृतकबाट जीवित भएर उठ्नु तथा स्वर्गारोहण हुनुभन्दा अघि कि पछि?

पाङ्ग्राले **केलाई** दर्शाउँछ?

आज, भारतको झन्डामा भएको एउटा पाङ्ग्राले गतिशील जीवन वा जीवन चक्रलाई दर्शाउँछ, जहाँ समयको न सुरू छ न अन्त नै।

इजकिएललाई दिइएको परमेश्वरको दर्शनको सन्दर्भमा, गतिशील पाङ्ग्राले परमेश्वरको विषयमा के दर्शाउन सक्छ?

यो **किन** लेखिएको थियो? **इजकिएल ११:१६, १७-२५** पढ्नुहोस्

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन सक्छ?

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

## धन्यवादको अन्तिम प्रार्थना

आफैलाई हामीकहाँ प्रकट गर्न चहानुहुने परमेश्वरलाई धन्यवाद दिनुहोस्।

# पाठ ३: उहाँले आफैलाई व्यक्तिगत बनाउनु हुन्छ

*परमेश्वर सम्बन्ध कायम गर्ने हुनुहुन्छ। उहाँको सम्वाद व्यक्तिगत हुन्छ।*

## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वर आफैलाई हामीकहाँ प्रकट गर्न चाहनुहुन्छ, र हाम्रो आवश्यकता अनुसार हामीकहाँ ओर्लि आउनुहुन्छ भन्ने कुरा घोषणा गर्दछन्।

## बाइबल अध्ययन – परमेश्वरको दर्शन – याकूब

हामीले यो सिक्यौं कि परमेश्वरले आफैलाई सम्वादका विभिन्न माध्यमहरूद्वारा प्रकट गर्नुहुन्छ। जुन व्यक्तिकहाँ परमेश्वर आफैलाई प्रकट गराउनुहुन्छ, सोहि व्यक्तिको आवश्यकता अनुसार उहाँ प्रकट हुनुहुन्छ। हामी परमेश्वरले याकूबलाई दिनुभएको दर्शनबारे अध्ययन गर्नेछौं।

## दर्शनको सन्दर्भ

याकूब, जो यहूदी कुलका मानिस थिए, इसहाक र रिबेकाका छोरा थिए। इसहाक अब्राहाम र साराका छोरा थिए। अब्राहाम र इसहाक, दुवै जनाले परमेश्वरबाट व्यक्तिगत प्रतिज्ञा पाएका थिए। याकूबले आफ्नो दाजुलाई छल गरेर उसको ज्येष्ठ अधिकार आफ्नो हातमा लिएका थिए। परिणामस्वरूप याकूबकी आमा रिबेकाले याकूबलाई उनको दाजुको क्रोधबाट बाँच्नको लागि भाग भन्नु पर्‍यो। याकूबको विवाह गर्ने उमेर पनि भएको कारण इसहाकले याकूबलाई दुलही खोज्न राहेलको कुल घरानामा पठाइदिए।

**उत्पत्ति २८:१०-२२** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

यस बाइबलीय खण्डमा तपाइँले अवलोकन गरेका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

वचन खण्डलाई गलत अर्थ लगाउनबाट जोगिनको निम्ति उक्त वचन खण्डको विषयमा निम्न लिखित प्रश्नहरू सोध्नुहोस्:

यस वचन खण्डमा भएका व्यक्तिहरू **को** हुन्?

---

**को** बोलिरहेको छ?

---

यो व्यक्ति **को** सँग कुरा गरिरहेको छ?

---

मनिसहरू एक अर्कासँग **कसरी** कुराकानी गर्दछन्?

---

परमेश्वरले याकूबलाई आफ्नो परिचय **कसरी** दिनुहुन्छ? **पद १३** पढ्नुहोस्

---

जुन प्रकारले परमेश्वरले आफ्नो परिचय याकुबलाई दिनुभयो, त्यस कुराले उहाँको र याकूबको सम्बन्धको बारेमा हामीलाई **के** बताउँछ?

---

---

**पद १५** मा परमेश्वरले याकुबलाई **के** प्रतिज्ञा गर्नुभयो?

---

---

यो घटना **कहाँ** घटेको थियो? **पद १९** पढ्नुहोस्

---

भऱ्याङ्ग **कहाँ** राखिएको र त्यस भऱ्यााङ्गबाट **कहाँ** पुगिन्थ्यो? **पद १२** पढ्नुहोस्

---

परमेश्वरले याकूबलाई दिनुभएको यो दर्शनको सन्दर्भमा, भऱ्याङ्गले के कुरालाई दर्साउन सक्छ?

भऱ्याङ्गले मानिसहरूसँग परमेश्वरको सम्बन्धलाई दर्शाउँदछ। परमेश्वर स्वर्गबाट पृथ्वीमा ओर्ली आउनुहुन्छ, आफैलाई हामीकहाँ ल्याउनुहुन्छ। परमेश्वरले याकूबलाई आफ्नो व्यक्तिगत अनुभव गराउनुभयो, दर्शनमा, याकूब बसेको ठाँऊबाट उनले स्वर्गतिर हेरिरहेका थिए जहाँ परमेश्वर वास गर्नुहुन्छ।

यो घटना **कहिले** घटेको हो – येशू देह र रगत भएर आउनु, क्रूसमा मर्नु, मृतकबाट जीवित भएर उठ्नु तथा स्वर्गारोहण हुनुभन्दा अघि कि पछि?

---

यो **किन** लेखिएको थियो?

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ?

**यूहन्ना १:५१** मा येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि तिनीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लिँदै र ओर्लँदै गरेका देख्नेछन्। येशू ख्रीष्टको जन्म, मृत्यु, पुनरुत्थान र स्वर्गारोहणद्वारा स्वर्ग खोलिएको छ। आज येशू ख्रीष्टद्वारा, उहाँको आत्माद्वारा, हामी परमेश्वरलाई व्यक्तिगत रूपमा जान्न सक्छौँ। हामी सीधै परमेश्वरकहाँ जान सक्छौं। हाम्रो अवस्था चाहे जस्तोसुकै किन नहोस्, परमेश्वरले पर्खँदै हुनुहुन्छ।

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

## धन्यवादको अन्तिम प्रार्थना

आफैलाई हामीकहाँ प्रकट गर्न चहानुहुने परमेश्वरलाई धन्यवाद दिनुहोस्।

# पाठ ४: समय अहिले नै हो

*उहाँलाई हेर जसका आँखाहरू आगो समान छन्! जसले उहाँलाई ग्रहण गर्दछन् तिनीहरूले प्रेम, ज्योति, जीवन प्राप्त गर्नेछन्। जसले उहाँलाई इन्कार गर्नेछन् तिनीहरूले दण्ड, अन्धकार, मृत्यु भोग्नेछन्।*

### सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

### आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले येशू नै स्वर्गको मार्ग हुनुहुन्छ भनि घोषणा गर्दछन्।

### बाइबल अध्ययन – परमेश्वरको दर्शन – यूहन्ना

हामीले यो सिक्यौं कि परमेश्वरले आफैलाई सम्वादका विभिन्न माध्यमहरूद्वारा प्रकट गर्नुहुन्छ। जुन व्यक्तिकहाँ परमेश्वर आफैलाई प्रकट गराउनुहुन्छ, सोहि व्यक्तिको आवश्यकता अनुसार उहाँ प्रकट हुनुहुन्छ। हामी परमेश्वरले यूहन्नालाई दिनुभएको दर्शनबारे अध्ययन गर्नेछौं।

### दर्शनको सन्दर्भ

यूहन्ना उनको विश्वासको कारण निर्वासनमा लगिएका थिए। मण्डली सतावटमा परेको थियो। मानव इतिहास कै सबैभन्दा क्रूर र शक्तिशाली साम्राज्य...रोमी साम्राज्य- को शासनकाल थियो। अत्याचार र अलग्गीएको स्थितिमा, यूहन्नाले परमेश्वरको सम्पूर्ण वैभव, प्रेम र सामर्थ्यमा दर्शन पाए। सिंहासनमा परमेश्वर विराजमान हुनुहुन्थ्यो, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र हुन आउनुहुनेछ, र उहाँको सामर्थ्य समस्त युगका सबै दुष्ट र सम्पूर्ण मानव जातिको साम्राज्यभन्दा धेरै महान छ। यूहन्ना र सबै विश्वासीहरू दुष्टको अन्त नजिकै छ भनि ढुक्क हुन सक्थे। येशूले त्यसलाई पराजित गर्नुभएको थियो। दुष्टका दिनहरू गनिएका छन्। परमेश्वर ती मानिसहरूको प्रतीक्षा गरिरहनुभएको छ जो दुष्टको अन्त हुनुभन्दा अघि स्वेच्छाले उहाँकहाँ आउनेछन्।

आउनुहोस्, हामी येशूको प्रकाश र हुन आउने घटनाहरूको एउटा सानो अंश हेरौँ।

**प्रकाश ४:१-११** पढ्नुहोस्

---

### सामूहिक छलफल

बाइबलका यस खण्डमा उल्लेख गरिएका कुराहरूलाई एक-एक पद गरेर छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

**पद १** ______

**पद २** ______

**पद ३** ______

**पद ४** ______

**पद ५** ______

**पद ६** ______

**पद ७** ______

---

ती चार प्राणीहरूले दिन रात **के** भनिरहन्थे? **पद ८** पढ्नुहोस्

ती चार प्राणीहरूले सिंहासनमा विराजमान हुनुहुनेलाई आराधना गर्दा, ती चौबीस धर्मगुरुहरूले **के** गर्थे? **पद ९-१०** पढ्नुहोस्

सिंहासनमा विराजमान हुनुहुनेलाई आराधना गर्दा, ती चौबीस धर्मगुरुहरूले **के** भन्थे? **पद ११** पढ्नुहोस्

स्वर्गको खुला ढोका: यूहन्नाले देखेको ढोका येशूको सिद्ध रगतको बलिदानको प्रतीक हो, जसले हामीलाई धोएर शुद्ध गर्दछ। जब हामीले येशू आफैले दिनुभएको रगतको बलिदानलाई ग्रहण गर्दछौँ, तब हामीले हामी भित्र परमेश्वरको आत्मा पनि पाउँछौँ, अनि हाम्रो वरिपरि उहाँको उपस्थिति पनि पाउँछौँ।

परमेश्वर येशूमा जो देह र रगतको शरिर धारण गर्नुभयो, हामी जस्तै बन्नुभयो, आफ्नो जीवन बलिदान दिनुभयो, पुनरुत्थान हुनुभयो र उच्च स्थानमा उचालिनुभयो, परमेश्वर पिताको दाहिने बाहुलीपट्टी विराजमान हुनुभयो, जसको कारण हामी उहाँको आत्माद्वारा परमेश्वरको सिंहासन कक्षमा प्रवेश गर्न सक्छौँ।

वर्तमान समयमा, दुष्टले क्षतिग्रस्त पारेको यस संसारमा, हामी परमेश्वरसँग निरन्तर भेला, संगति, परामर्श, सम्बन्ध, प्रेम र प्रकाशको लागि आत्मामा परमेश्वरको सिंहासन कक्षमा प्रवेश गर्न सक्छौँ।

भविष्यमा, हाम्रो आशा यो छ कि हाम्रो पुनरुत्थान भएको महिमित शरीरमा हामी परमेश्वरको सिंहासन कक्षमा प्रवेश गर्नेछौँ, जहाँ हामी उहाँलाई आम्ने-साम्ने देख्नेछौँ। त्यहाँ आँसू बगाउनु पर्दैन, पीड़ा हुँदैन, उमेर ढल्दैन, रोग लाग्दैन। समयको पूर्णतामा सबैथोक सिद्ध हुनेछ।

वचन खण्डलाई गलत अर्थ लगाउनबाट जोगिनको निम्ति उक्त वचन खण्डको विषयमा निम्न लिखित प्रश्नहरू सोध्नुहोस्:

यस वचन खण्डमा भएका व्यक्तिहरू **को** हुन्?

**को** बोलिरहेको छ?

यो व्यक्ति **को सँग** कुरा गरिरहेको छ? **प्रकाश १:४** पढ्नुहोस्

**प्रकाश ४:१** पढ्नुहोस्

**प्रकाश ४:८** पढ्नुहोस्

**प्रकाश ४:११** पढ्नुहोस्

मनिसहरू एक अर्कासँग **कसरी** कुराकानी गर्दछन्?

यो घटना **कहाँ** घटेको थियो? **प्रकाश १:९; ४:१** पढ्नुहोस्

यो घटना **कहिले** घटेको हो – येशू देह र रगत भएर आउनु, क्रूसमा मर्नु, मृतकबाट जीवित भएर उठ्नु तथा स्वर्गारोहण हुनुभन्दा अघि कि पछि? **प्रकाश १:१७-१८** पढ्नुहोस्

यो **किन** लेखिएको थियो?

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ?

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

## गवाही दिनुहोस्

परमेश्वरले तपाईलाई यी पाठहरूद्वारा **के** भन्दै हुनुहुन्छ भनि गवाही दिन अनुरोध गर्नुहोस्।

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

# पाठ ५: किन कि परमेश्वरले धैरै प्रेम गर्नुहुन्छ

*बुद्धि नै शक्ति हो। उहाँको प्रेमको शक्तिलाई जान्नु।*

### सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

### आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वरको प्रेमलाई घोषणा गर्दछन्।

### बाइबल अध्ययन – परमेश्वरको प्रेम

हामीले सिक्यौँ कि सृष्टिकर्ता परमेश्वर, जो हुनुहुन्थ्यो, र हुनुहुन्छ, र जो हुन आउनुहुनेछ, एक सम्बन्ध गाँस्ने परमेश्वर हुनुहुन्छ। परमेश्वरले सबथोक प्रेमपूर्वक गर्नुहुन्छ किनकि उहाँले धैरै प्रेम गर्नुहुन्छ। परमेश्वरको यस्तो प्रेम हाम्रो आफ्नै समझभन्दा बाहिर छ। हामी परमेश्वरको प्रेमका केहि गुणहरू उहाँको कथाबाट अर्थात उहाँको सत्य प्रेमकथा, बाइबलबाट अध्ययन गर्नेछौँ।

**१ कोरिन्थी १३:१-८** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

### सामूहिक छलफल

यस बाइबलीय खण्डमा उल्लेख गरिएका परमेश्वरको प्रेमका  गुणहरू एक-एक पद गरी छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

**पद ४** ____________________

**पद ५** ____________________

**पद ६** ____________________

**पद ७** ____________________

**पद ८** ____________________

यस प्रेमको स्रोत **को** हो? **१ यूहन्ना ४:७-१०** पढ्नुहोस्

____________________

### सामूहिक छलफल

यस बाइबलीय खण्डमा परमेश्वरको प्रेम हामीकहाँ कसरी प्रकट गरिएको छ भनी छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

____________________

____________________

वचन खण्डलाई गलत अर्थ लगाउनबाट जोगिनको निम्ति उक्त वचन खण्डको विषयमा निम्न लिखित प्रश्नहरू सोध्नुहोस्:

यस वचन खण्डमा भएका व्यक्तिहरू **को** हुन्? **१ यूहन्ना ४:७-१०** पढ्नुहोस्

____________________

**को** बोलिरहेको छ?

यो व्यक्ति **को** सँग कुरा गरिरहेको छ?

मनिसहरू एक अर्कासँग **कसरी** कुराकानी गर्दछन्?

यो घटना **कहिले** घटेको हो – येशू देह र रगत भएर आउनु, क्रूसमा मर्नु, मृतकबाट जीवित भएर उठ्नु तथा स्वर्गारोहण हुनुभन्दा अघि कि पछि?

यो **किन** लेखिएको थियो? **१ यूहन्ना १:१-४** पढ्नुहोस्

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ?

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

## गवाही दिनुहोस्

कहिल्यै अन्त नहुने परमेश्वरको प्रेमको बारेमा जान्नु को अर्थ तपाईको लागि **के** हुनसक्छ?

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

# पाठ ६: पिताको प्रेम

*पिता यसैमा प्रसन्न हुनुहुन्थ्यो कि त्रिएक परमेश्वरको परिपूर्णता येशूमा वास गरून्,*
*र उहाँद्वारा सबै थोक आफूसँग पुनर्मिलाप गराइउन्।*

**सुरुको प्रार्थना**

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

**आराधना**

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वरको प्रेमलाई घोषणा गर्दछन्।

**बाइबल अध्ययन**

परमेश्वर आफै एक सिद्ध सम्बन्धमा हुनुहुन्थ्यो, हुनुहुन्छ र हुन आउनुहुनेछ। पिता, पुत्र येशू, र पवित्र आत्मा, एकताको पुर्णता हुन्, एकमा त्रिएक व्यक्तित्व। एक परमेश्वर। हामी परमेश्वर पिताको प्रेम बारे उहाँको कथाबाट अर्थात उहाँको सत्य प्रेमकथा, बाइबलबाट अध्ययन गर्नेछौँ।

पिताको प्रेम यति महान छ कि उहाँले सबैथोक पुत्रलाई दिनुहुन्छ।

**कलस्सी १:१९-२०** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

**सामूहिक छलफल**

यस बाइबलीय खण्डबाट पिताको प्रेम बारे के अवलोकन गर्नुभयो सो छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ? **कलस्सी १:२१-२२** पढ्नुहोस्

**यूहन्ना ३:१६-१७** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

यस बाइबलीय खण्डबाट पिताको प्रेम बारे के अवलोकन गर्नुभयो सो छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ? **यूहन्ना ३:१८** पढ्नुहोस्

**यूहन्ना ३:३५** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

यस बाइबलीय खण्डबाट पिताको प्रेम बारे के अवलोकन गर्नुभयो सो छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ? **यूहन्ना ३:३६** पढ्नुहोस्

**१ यूहन्ना ३:१** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

यस बाइबलीय खण्डबाट पिताको प्रेम बारे के अवलोकन गर्नुभयो सो छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ?

**कलस्सी १:१२-१४** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

यस बाइबलीय खण्डबाट पिताको प्रेम बारे के अवलोकन गर्नुभयो सो छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ?

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

## गवाही दिनुहोस्

पिताले तपाईलाई यति धेरै प्रेम गर्नुहुन्छ भन्ने कुरा थाहा पाउनुको अर्थ **के** हुनसक्छ?

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

# पाठ ७: पुत्रको प्रेम

*परमेश्वरले प्रेममा आफूलाई व्यक्तिगत बनाउनुभयो, ताकि हामी पनि प्रेममा उहाँसँग संम्बन्ध गास्ने हुन सकौँ।*

## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले येशू ख्रीष्टको देह र रगतको बलिदानलाई घोषणा गर्दछन्।

## बाइबल अध्ययन

परमेश्वर आफै एक सिद्ध सम्बन्धमा हुनुहुन्थ्यो, हुनुहुन्छ र हुन आउनुहुनेछ। पिता, पुत्र येशू, र पवित्र आत्मा, एकताको पुर्णता हुन्, त्रिएक व्यक्ति। एक परमेश्वर। हामी परमेश्वरको पुत्र येशूको प्रेमको सम्बन्ध बारे अध्ययन गर्नेछौँ।

येशूको प्रेम यति महान छ कि हाम्रो निम्ति देह र रगतको बलिदान बन्न उहाँले सबै थोक त्यागिदिनुभयो। यद्यपि, प्रत्येक दिन उहाँको प्रेमलाई व्यक्तिगत रूपमा बढीभन्दा बढी जान्नाले जीवन, प्रेम, सत्य र सामर्थ्यको भरपूरी प्राप्त गर्नलाई सहायता मिल्छ, जो परमेश्वरबाट आउँदछ र स्वयं परमेश्वर हुनुहुन्छ।

**यूहन्ना १०:१४-१८** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

यस बाइबलीय खण्डबाट येशूको प्रेम बारे के अवलोकन गर्नुभयो सो छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

## गवाही दिनुहोस्

येशू तपाईका असल गोठाला हुनुहुन्छ भन्ने कुरा जान्नुको अर्थ **के** हुन्छ?

______________________________

______________________________

**भजनसंग्रह २३** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

येशू असल गोठालोले तपाइँको निम्ति के गर्नुहुन्छ भन्ने बारे छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

यस वचन खण्डमा यस्ता **के** कुराहरू छन् जो आज पनि उस्तै छन्?

आज हाम्रो लागि यसको अर्थ **के** हुन्छ?

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

परमेश्वरको यो प्रेम येशूमा **कति** बलियो छ? **रोमी ८:३९** पढ्नुहोस्

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

# पाठ ८: पवित्र आत्माको प्रेम

*पवित्र आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस्!" जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस्!" जो तिर्खाउँछ त्यो, आओस्; जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैँमा लिओस्।*

### सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

### आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वरको प्रेमलाई घोषणा गर्दछन्।

### बाइबल अध्ययन

परमेश्वर आफै एक सिद्ध सम्बन्धमा हुनुहुन्थ्यो, हुनुहुन्छ र हुन आउनुहुनेछ। पिता, पुत्र येशू, र पवित्र आत्मा, एकताको पुर्णतामा हुनुहुन्छ, एकमा तीन व्यक्ति। एक परमेश्वर। हामी पवित्र आत्माको प्रेमको सम्बन्ध बारे अध्ययन गर्नेछौँ।

परमेश्वरको प्रेम यति महान छ कि हाम्रो समझले नै भ्याउन सक्दैन। पवित्र आत्माको प्रेमले कहिले पनि उहाँ आफैलाई संकेत गर्दैन। तर उहाँले प्रकट गर्नुहुन्छ, पुष्टि गर्नुहुन्छ, रूपान्तरण गर्नुहुन्छ र उहाँ हामीभित्र बास गर्नुहुन्छ, ताकि हामीले पिताको प्रेम र पुत्र येशूको प्रेमलाई व्यक्तिगत रूपमा, शक्तिशाली रूपमा र घनिष्ठ रूपमा अनुभव गर्न सकौँ।

पवित्र आत्माले **कसको** बारेमा गवाही दिनुहुन्छ र **कसको** महिमा गर्नुहुन्छ? **यूहन्ना १६:१३-१५** पढ्नुहोस्

---

परमेश्वरको प्रेम व्यक्तिगत रूपमा, शक्तिशाली रूपमा र घनिष्ठ रूपमा हाम्रो हृदयमा **कसरी** खन्याइयो?
**रोमी ५:५-८** पढ्नुहोस्

---

**रोमी ८:१४-१६** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

### सामूहिक छलफल

यस बाइबलीय खण्डबाट पवित्र आत्माको प्रेम बारे के अवलोकन गर्नुभयो सो छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

---

---

---

सबै विश्वासीहरू (नर र नारी) 'परमेश्वरको पुत्रहरू' हुन् किनकि तिनीहरू सबैले पवित्र आत्मा पाएका छन्। यो 'परमेश्वरको पुत्रहरू' भन्ने शब्दले परमेश्वरसँगको हाम्रो त्यस सम्बन्धलाई दर्शाउँदछ जो अब हामीले उत्तराधिकारको रूपमा पाएका छौं। यसरी धर्मपुत्रको रूपमा हामीलाई अपनाउनु भनेको राजकीय परिवारमा कानुनी रूपमै पुरा अधिकार सहित जन्मेको ज्येष्ठ पुत्रको रूपमा जन्मनु जत्तिकै हो। यसैकारण हामी येशूसँग उहाँ बराबरकै उत्तराधिकारी भएकाछौँ, जो परमेश्वरको राज्यको राजा हुनुहुन्छ।

## गवाही दिनुहोस्

हरेक व्यक्तिलाई तिनीहरू परमेश्वरको सन्तान (राजकीय परिवारमा जन्मेको ज्येष्ठ पुत्र जत्तिकै) हुन् भन्ने कुरा जान्नुको अर्थ **के** हुन्छ?

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

# पाठ ९: म जस्तो छु त्यस्तै स्वीकृति

*अति महान 'म हुँ' द्वारा। उहाँको प्रेममा भेट्टाइएँ। म जस्तो छु त्यस्तै स्वीकारिएँ। अनन्तताको निम्ति सुरक्षित गरिएँ। जीवनको भरपूरिमा, म सदाको लागि परिवर्तन भएँ।*


## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले मलाई परमेश्वरले म जस्तो छु त्यस्तै स्वीकार गर्नुभएको कुरालाई घोषणा गर्दछन्।

## चार कार्डहरूको कार्यशाला



**कदम १:** प्रत्येक व्यक्तिले एक एक खाली पन्ना लिन्छ र त्यसलाई चार भाग हुने गरि काट्छ र प्रत्येक व्यक्तिले ती कार्डहरूका अगाड़ी पट्टी तल उल्लेखित कुराहरूलाई दर्शाउने गरि चित्र बनाउनुपर्छ।

कार्ड १ = म आफू। कार्ड २ = मेरो परिवार। कार्ड ३ = मेरो शिक्षा। कार्ड ४ = मेरो गाऊँ।

**कदम २:** प्रत्येक व्यक्तिले ती चार कार्डहरूमा साधारण चित्रहरू बनाएर र हरेक कार्डको पछि केहि शब्दहरू लेखेर आफ्नो बारेमा, आफ्नो परिवारको बारेमा, आफ्नो स्कूलको बारेमा र आफ्नो समुदायको बारेमा वर्णन गर्नुपर्छ। तर कुनै पनि कार्डमा नाम लेख्नु हुँदैन।

कार्ड १: म आफ्नो बारे कस्तो महसूस गर्छु? (एक खुशी वा उदास भएको अनुहारको चित्र बनाउनुहोस्।) के मलाई अरूले प्रेम गर्छन् भन्ने महसूस हुन्छ? के मलाई समुदायले स्वीकार गर्दछ भन्ने महसुस हुन्छ? मलाई के गर्न मन पर्छ? मलाई मन पर्ने जनावर कुन हो? मलाई मन पर्ने खाना के हो? मेरो सपनाहरू के के हुन्? मलाई केदेखि डर लाग्छ?

कार्ड २: मेरो परिवारमा को को छन्? मेरो परिवारको स्वास्थ्य कस्तो छ? मेरो परिवारले कुन परमेश्वरमाथि विश्वास गर्दछ? मेरो परिवारमा मेरा अभिभावकहरू के कस्ता छन्? (एक खुशी वा उदास भएको अनुहारको चित्र बनाउनुहोस्।)

कार्ड ३: म आफ्नो जीवनको बारेमा कस्तो महसूस गर्छु? (एक खुशी वा उदास भएको अनुहारको चित्र बनाउनुहोस्।) बाल्यकालमा मैले सिकेको एउटा कुरा के हो? मलाई यस कुरा सिकाउने व्यक्ति कस्तो हुनुहुन्थ्यो? मलाई सिक्न सबैभन्दा बढी मन पर्ने विषय कुन थियो? मलाई सिक्न सबैभन्दा गाह्रो लाग्ने विषय कुन थियो? मलाई सिक्न सबैभन्दा सजिलो लाग्ने विषय कुन थियो? यस्ता कुन कुन ठाउँ छन् जहाँ म सुरक्षित महसूस गर्दिन? यस्ता कुन कुन ठाउँ छन् जहाँ म सुरक्षित महसूस गर्छु?

कार्ड ४: म बसोबास गर्ने ठाउँमा मलाई के राम्रो लाग्छ? म बसोबास गर्ने ठाउँमा मलाई के राम्रो लाग्दैन? जहाँ म बसोबास गर्छु त्यहाँका बुढापाकाहरू के गर्छन्? ती बुढापाकाहरूले मलाई कसरी सहयोग गर्दछन्?

**कदम ३:** हरेक व्यक्तिले आ-आफ्नो कार्डमा माथि उल्लेखित जानकारीहरू लेखेपछि ती कार्डहरू उनीहरूले तपाईँलाई दिनुपर्छ। ती कार्डहरूलाई छ्यास्मिस नगरी चार-चार कै सेटमा राख्नुहोस्।

**कदम ४:** प्रत्येक व्यक्तिको ती चार कार्डको सेटलाई आ-आफ्नो होईन तर एक अर्काको हातमा बाँडि दिनुहोस्। हरेकको परिचय गोप्य राखिनुपर्छ, उसलाई दिइएका ती चार कार्ड कसको हो भन्ने कुरा कसैलाई पनि थाहा हुनुहुँदैन।

**कदम ५:** एक-एक जना गरेर प्रत्येक व्यक्तिले ती कार्डमा लेखिएका कुराहरू सबैलाई सुनाउनुपर्छ।

## सामूहिक छलफल

कार्डहरूका प्रत्येक सेटको परिणाम के आयो भनि छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

____________________________________________

____________________________________________

प्रत्येक व्यक्तिले अफ्नो बारेमा र आफ्नो परिस्थितिहरूको बारेमा कस्तो महसूस गर्दछन् भन्ने कुरालाई हेर्दा तिनीहरूका बीचमा **कस्तो** किसिमको सम्बन्ध रहेछ भनि थाहा पाउँछौँ?

प्रत्येक व्यक्ति बीच **के** कस्ता भिन्नता रहेछन्?

**उत्पत्ति २९:३१-३५** पढ्नुहोस्

## सामूहिक छलफल

लेआ र परमेश्वरको बारेमा तपाइँले देखेका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

**पद ३१** परमेश्वरलाई लेआको बारेमा के थाहा थियो?

**पद ३२** लेआले छोरा जन्माएपछि त्यसको परिणामस्वरूप के हुन्छ भन्ने आशा गरिरहेकी थिइन्?

**पद ३३** लेआले छोरा जन्माएपछि त्यसको परिणामस्वरूप के उनका पतिले उनलाई प्रेम गरे त?

**पद ३४** लेआले तीन जना छोरा जन्माएपछि के उनका पतिले उनलाई प्रेम गरे?

**पद ३५** चार जना छोरा जन्माएपछि लेआले के भनिन्?

हाम्रो प्रेम पाउने, स्वीकृति पाउने आवाश्यकतालाई परमेश्वर देख्नु हुन्छ। परमेश्वर आफैले लेआलाई कति धेरै प्रेम गर्नुहुन्छ भन्ने कुरा देखाउनलाई उनको छोरा जन्माउने चाहाना पुरा गरिदिनुभयो। परमेश्वरले आफ्नो योजनामा पनि उनलाई एउटा स्थान दिनुभयो। उनको चौथो छोराबाट एउटा कुलको उदय हुन्छ जसबाट नै परमेश्वर येशू देह र रगतको शरिरमा आउनुहुन्छ।

जब हामी यो कुरा थाहा पाउँछौँ कि परमेश्वरले हामीलाई कति धेरै प्रेम गर्नुहुन्छ, कसरी हामीलाई जस्तो छौं त्यस्तै स्वीकार गर्नुहुन्छ, उहाँको दृष्टिमा हामी कति सुन्दर छौँ, र उहाँको योजनाको एउटा हिस्सा बनाउनको लागि हामीलाई संसारको सृष्टि हुनुभन्दा अघि देखि नै चुन्नु भएको थियो, तब हामी वास्तवमा स्वतन्त्र हुन्छौँ र त्यसपछि हामी मानिसहरूबाटको प्रेम र स्वीकृतिको अपेक्षा गर्न छोडिदिन्छौँ। अब हामी यस वास्तविकतामा जिउँछौँ कि उहाँको प्रेम र उहाँको स्वीकृति हाम्रो लागि पर्याप्तभन्दा पनि अझ बढी छ।

**रोमी १५:७** र **प्रेरित १०:३४** पढ्नुहोस्

यस पाठबाट तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

येशूले **मत्ती ११:२८** मा भन्नुभयो, *"मकहाँ आऊ। जो थकित औ कष्टले दबिएकाहरू हो! म तिमीहरूलाई आत्माको निम्ति विश्राम दिनेछु।"* (ERV)

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

# पाठ १०: परिचय — आत्माबाट जन्मेको

*परमेश्वर: आत्मा भएर पनि देह र रगतको शरिरमा जन्मनुभयो, कि उहाँ सबैको निम्ति देह र रगतको बलिदान हुनसक्नु भएको होस्, ताकि जो देह र रगत भएर जन्मेका छन् तिनीहरू आत्माबाट जन्मन सकुन्।*

### सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

### आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले म आत्माबाट जन्मिएको, परमेश्वरको सन्तान हुँ भन्ने कुराको घोषणा गर्दछन्।

### बाइबल अध्ययन

हामीले सिकेका छौँ कि विश्वासीहरू जसले येशू आफैले दिनुभएको देह र रगतको बलिदानलाई स्वीकार गर्दछन्, तिनीहरू सबैले परमेश्वरको आत्मा—पवित्र आत्मालाई आफूभित्र प्राप्त गर्दछन्। अब यो समयमा हामी उत्तराधीकारी भएका छौँ, हामी परमेश्वरको सन्तान हौँ (राजकीय परिवारमा जन्मेको ज्येष्ठ पुत्रजस्तै), ख्रीष्टको संगी उत्तराधीकारी हौँ, दुष्टताले क्षतिग्रस्त भएको संसार, यस पृथ्वीमा, हामी परमेश्वरको राज्यमा जीवन बिताईरहेका छौँ।

परमेश्वर हामीहरू मध्येकै एक हुनुभयो किनभने उहाँले हामीलाई धेरै प्रेम गर्नुहुन्छ, र इतिहासको त्यस क्षणमा, येशूले पवित्र आत्माद्वारा देह र रगतको रूपमा एक स्त्रीबाट जन्म लिनुभयो, ताकि हामी देह र रगतमा जन्मेकाहरूले येशूको देह र रगतको सिद्ध र अनन्तको बलिदानलाई विश्वास र ग्रहण गरेर आत्माबाट जन्म लिन सकौँ।

**यूहन्ना १:१२-१३** पढ्नुहोस्

हामी परमेश्वरको कथा, उहाँको साँचो प्रेम कथा, बाइबलबाट देह र रगतबाट जन्मेका मानिसले किन आत्माबाट जन्म लिनु आवश्यकता छ भन्ने कुराको अध्ययन गर्नेछौँ।

**१ कोरिन्थि १५:४७-५१** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

### सामूहिक छलफल

बाइबलको यस खण्डबाट पहिलो मानिस (देह र रगतबाट जन्मिएको) र दोस्रो मानिस (आत्माबाटको येशू, जसले देह र रगतबाट जन्म लिनुभयो) को बारेमा तपाईँले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

पहिलो मानिस **के** बाट बनेको थियो?

---

येशू आफैले दिनुभएको देह र रगतको बलिदानलाई स्वीकार गर्नु अघि हामीले **कसको** स्वरूप, प्रतिरूप र पहिचान पाएका हुन्छौं?

---

येशू आफैले दिनुभएको देह र रगतको बलिदानलाई स्वीकार गरेपछि हामीले **कसको** स्वरूप, प्रतिरूप र पहिचान पाएका हुन्छौं?

---

अब उत्तराधीकारको यो समय हाम्रो हो। हामीले येशूको पहिचान पाएका छौँ, देह र रगत भएता पनि उहाँको आत्माबाट जन्मेका छौँ, परमेश्वरको सन्तान (राजकीय परिवारमा जन्मेको ज्येष्ठ पुत्रजस्तै), ख्रीष्टको संगी उत्तराधीकारी हौँ, दुष्टताले क्षतिग्रस्त भएको यस संसार, यस पृथ्वीमा भए तापनि हामी परमेश्वरको राज्यमा जीवन जीइरहेका छौं।

**१ कोरिन्थी १५:५०-५५** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

बाइबलको यस खण्डमा माटोबाट बनाइएको (देह र रगतबाट जन्मेको) मानिसको र आत्माबाट जन्मनुभएको येशूको (जो देह र रगत हुनुभयो) पहिचान बारे तपाईंले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

देह र रगतबाट जन्मेको मानिसको स्वभाव र पहिचान **कस्तो** छ?

---

येशूको स्वभाव र पहिचान **कस्तो** छ?

---

पहिलो मानिस असल तथा खराबको ज्ञान प्राप्त गर्ने फल खाने निर्णय गरि दुष्टको छलमा सहभागी भएर वा एक भएर एउटा बर्बाद भएको बीऊ बने। परिणामस्वरूप सबै मानिसहरू यस्तै बर्बाद भएका स्वभाव लिएर जन्मिन्छन्। दोस्रो मानिस येशू, पवित्र आत्माद्वारा कहिल्यै नाश नहुने बीऊको रूपमा स्त्रीबाट देह र रगत भएर जन्म लिनुभयो। येशू नै देह र रगतको एक सिद्ध बलिदान हुनुहुन्छ।

**रोमी ५:१४-१९** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

बाइबलको यस खण्डमा माटोबाट बनाइएको (देह र रगतबाट जन्मेको) मानिसले र आत्माबाट जन्मनुभएको येशूले (जो देह र रगत हुनुभयो) ल्याएको परिणाम बारे तपाईंले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

पहिलो मानिसको अपराधको परिणाम **के** भयो?

---

**पद १६** ____________________

**पद १७** ____________________

दोस्रो मानिसले सित्तैमा उपहार स्वरूप दिनुभएको उहाँको आफ्नै बलिदानलाई स्वीकार गर्नेहरूको निम्ति परिणाम **के** हुन्छ?

______________________________________________

**पद १६** ______________________________________________

**पद १७** ______________________________________________

**कलस्सी २:१३-१५** पढ्नुहोस्

पहिलो मानिसको अपराधको परिणाम **के** भयो?

**पद १३** ______________________________________________

______________________________________________

दोस्रो मानिसले सित्तैमा उपहार स्वरूप दिनुभएको उहाँको आफ्नै बलिदानलाई स्वीकार गर्नेहरूको निम्ति परिणाम **के** हुन्छ?

**पद १३** ______________________________________________

______________________________________________

**पद १४** ______________________________________________

**पद १५** ______________________________________________

अब उत्तराधीकारको यो समय हाम्रो हो। मृत्युको दण्ड, न्याय तथा दोषबाट मुक्त गरेर हामीलाई धर्मी बनाउनुभयो र हामीलाई यस जीवनमा येशूको अधिकार तथा शासन को विरुद्ध खडा हुने हाम्रो शरीर तथा सबै दुष्ट आत्माहरू र अधिकारिहरूमाथि शासन गर्ने अधिकार दिनुभयो। अब शैतान वा दुष्ट आत्माहरूले हामीलाई दोष लगाउन सक्दैनन् किनकि तिनीहरूका सबै शक्तिहरू र शस्त्र हरूलाई नि:शस्त्र पारी ती सबैमाथि येशूले क्रूसमा विजय प्राप्त गर्नुभयो।

दुष्टताले क्षतिग्रस्त यस संसारमा हामी आत्माबाट जन्मिएका देह र रगत हौँ, अनि येशूको विजयमा जिउनलाई जीवित पारिएका छौँ।

हामीले भविष्यमा पनि उत्तराधिकार पाउनेछौँ।

**१ कोरिन्थी १५:२०-२३** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

बाइबलको यस खण्डमा माटोबाट बनाइएको (देह र रगतबाट जन्मेको) मानिसले र आत्माबाट जन्मनुभएको येशूले (जो देह र रगत हुनुभयो) ल्याएको परिणाम बारे तपाइँले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

मृतकबाट जीवित भएर उठेको **को** हो?

______________________________________________

जब येशू आफ्नो सम्पूर्ण महिमामा यस संसारमा फर्किआउनुहुनेछ, त्यस समयमा मृतकबाट कहिल्यै वृद्ध नहुने, कहिल्यै रोगी नहुने, कहिल्यै नथाक्ने सिद्ध शरिरमा जीवित भएर **को** उठाईने छन्?

______________________________________________

**प्रकाश १:१८** पढ्नुहोस्

त्यो व्यक्ति **को** हुन जो आत्माद्वारा देह र रगतको सिद्ध बलिदान बन्नुभयो, मर्नुभयो, सिद्ध पुनरुत्थित शरीरमा जीवित भएर उठ्नुभयो, स्वर्गमा उचालिनुभयो, सदासर्वदाको निम्ति जीवित हुनुहुन्छ अनि जसको मृत्यु र अनन्ततामाथि अधिकार छ?

---

**प्रकाश १:५-६** पढ्नुहोस्

त्यो विश्वासयोग्य साक्षी, मृतकबाट शरिरमा जीवित हुने प्रथम व्यक्ति, सबै माथिको सर्वोच्च अधिकारी **को** हो?

---

येशूले हाम्रो निम्ति यी सबै थोक **किन** गर्नुभयो?

---

जब हामीले येशू आफैले उपहार स्वरूप दिनुभएको उहाँको देह र रगतको बलिदानलाई स्वीकार गर्छौं तब आत्माबाट जन्मिनु र परमेश्वरको सन्तान हुनुको अतिरिक्त हामी **के** भएका हुन्छौं?

---

---

येशूको पुनरुत्थान पहिलो सिद्ध शारीरिक पुनरुत्थान थियो, त्यसैले अब हामी दुष्टताले क्षतिग्रस्त यस संसारमा विजयी जीवन जिउने मात्र होइन, तर हाम्रो भविष्यको अनन्त आशामा दुष्टताले क्षति नगरेको नयाँ संसारमा जिउन सक्छौँ, जहाँ हामीले कहिल्यै वृद्ध नहुने, कहिल्यै रोगी नहुने, कहिल्यै नथाक्ने, कहिल्यै नमर्ने सिद्ध पुनरुत्थान भएको शरीर प्राप्त गर्नेछौँ। जब येशू पृथ्वीमा फर्किनुहुन्छ, तब उहाँ आफैले सित्तैको उपहार स्वरूप दिनुभएको उहाँको देह र रगतको बलिदानलाई स्वीकार गर्नेहरूले सिद्ध पुनरुत्थान भएको शरिर प्राप्त गर्नेछन्।

भविष्यको उत्तराधीकारको निम्ति यो हाम्रो समय हो। किनकि परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि, येशूले पवित्र आत्माद्वारा स्त्रीबाट जन्म लिएर देह र रगत बन्न रूचाउनुभयो। उहाँ आफ्नै सृष्टिमा ओर्ली आउनुभयो। मानिसको अपराधको परिणामस्वरूप परमेश्वरको सृष्टि दुष्टताले क्षतिग्रस्त भएको थियो। असमानता, अत्याचार, दुष्टता र मृत्युले शासन गरिरहेको थियो। परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि, येशू उत्तराधीकारको पहिलो पुत्रको रूपमा आउनुभयो, ताकि हामी सबैजना, देह र रगतबाट आत्माद्वारा जन्मिएका पुत्रहरू बन्न सकौँ, ताकि हामीले अहिले र भविष्यमा आफ्ना सबै उत्तराधीकार प्राप्त गर्न सकौँ। हल्लेलूयाह!

यस पाठबाट तपाइँले परमेश्वरको विषयमा सिकेको एउटा कुरा **के** हो?

---

---

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

---

---

# पाठ ११: प्रिय (पुत्र) मा स्वीकृति

*मानिसका दुई आवश्यकताहरू: स्वीकृति पाउने चाहना र प्रेम पाउने चाहना।*
*परमेश्वरले हामीलाई प्रिय (सबैभन्दा प्यारो येशू) मा (विशेष सम्मानका साथ) स्वीकृत गर्नुभयो।*

## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले मलाई परमेश्वरले प्रेम गर्नुहुन्छ र ख्रीष्टमा मलाई विशेष सम्मान र आशिष दिनुहुन्छ भन्ने कुरा घोषणा गर्दछन्।

## बाइबल अध्ययन

हामीले सिकीसकेका छौँ कि विश्वासीहरू जसले येशू आफैले दिनुभएको देह र रगतको बलिदानलाई स्वीकार गर्दछन्, तिनीहरू सबैले परमेश्वरको आत्मा—पवित्र आत्मालाई आफूभित्र प्राप्त गर्दछन्। अब यो समयमा हामी उत्तराधीकारी भएका छौँ। हामी परमेश्वरको सन्तान हौँ (राजकीय परिवारमा जन्मेको ज्येष्ठ पुत्रजस्तै), ख्रीष्टको संगी उत्तराधीकारी हौँ, दुष्टताले क्षतिग्रस्त भएको यस संसार, यस पृथ्वीमा भए तापनि हामी परमेश्वरको राज्यमा जीवन जीइरहेका छौं।

परमेश्वर हामीहरू मध्यकै एक हुन रुचाउनुभयो किनभने उहाँले हामीलाई धेरै प्रेम गर्नुहुन्छ, र इतिहासको त्यस क्षणमा, येशूले पवित्र आत्माद्वारा देह र रगतको रूपमा एक स्त्रीबाट जन्म लिनुभयो, ताकि हामी देह र रगतमा जन्मेकाहरूले येशूको देह र रगतको सिद्ध र अनन्तको बलिदानलाई विश्वास र ग्रहण गरेर आत्माबाट जन्म लिन सकौँ।

हामी परमेश्वरको कथा, उहाँको साँचो प्रेम कथा, बाइबलबाट पिताको प्रेम, आशिष, इच्छा (हृदयको चाहना) र अनन्तको लागि बचाउने उद्देश्यको बारेमा अध्ययन गर्नेछौँ।

**एफिसी १:३-१४** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

तपाईँले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

हामीलाई प्रकट गर्नुभएको परमेश्वरको इच्छा र योजना **के** हो? **पद ९-१०** पढ्नुहोस्

_______________________________________________

_______________________________________________

पिता परमेश्वरले हामीलाई (विगतमा) **के** दिनुभएको थियो, जो वर्तमानमा हामीले पाइसकेका छौँ? **पद ३** पढ्नुहोस्

_______________________________________________

यो आशीष **कहाँ** छ?

_______________________________________________

यो सब प्राप्त गर्नको लागि हामी **कसमा** वा **कसको** साथ एक भएका छौँ?

---

वर्तमान समयमा, जसरी ख्रीष्ट स्वर्गीय स्थानहरूमा अधिकारको स्थानमा विराजमान हुनुभएको छ, त्यसरी नै हामी पनि त्यही स्थानमा छौं। वर्तमान समयमा, जस्तो ख्रीष्ट हुनुहुन्छ त्यस्तै हामीले पनि ख्रीष्टमा प्रत्येक आत्मिक आशीष पाएका छौँ। आउने पदहरूले यी आशीषहरूका केहि विवरण प्रस्तुत गर्नेछन्।

हामी (वर्तमान समयमा) ख्रीष्टमा **को** हौँ, जो पिता परमेश्वरले (विगतमा) हामीलाई दिइसक्नुभएको थियो? यसलाई व्यक्तिगत बनाउनुहोस् र आफ्नो उत्तरहरूमा 'म हुँ' लेख्नुहोस्। **पद ४-५** पढ्नुहोस्

---

---

येशू परमेश्वरको 'प्रिय' पुत्र हुनुहुन्छ, पिताको सर्वोच्च प्रेम-पात्र। हामी पनि (जस्तो छौं त्यस्तै) स्वीकार गरिएका उहाँको प्रेमका 'पुत्रहरू' हौँ। हामी वर्तमान समयमा पिता र पुत्रको सिद्ध प्रेमको वास्तविक सम्बन्धमा बाँचिरहेका छौँ। हामी उहाँका हृदयका चाहना हौँ।

हामी (वर्तमान समयमा) ख्रीष्टमा **को** हौँ, जो पिता परमेश्वरले (विगतमा) हामीलाई दिइसक्नुभएको थियो? यसलाई व्यक्तिगत बनाउनुहोस् र आफ्नो उत्तरहरूमा 'म हुँ' लेख्नुहोस्। **पद ७-८** पढ्नुहोस्

---

---

हामी (वर्तमान समयमा) ख्रीष्टमा **को** हौँ, जो पिता परमेश्वरले (विगतमा) हामीलाई दिइसक्नुभएको थियो? यसलाई व्यक्तिगत बनाउनुहोस् र आफ्नो आफ्नो उत्तरमा 'मैले...पाएको/पाएकी छु' लेख्नुहोस्। **पद ११** पढ्नुहोस्

---

---

हामी (वर्तमान समयमा) ख्रीष्टमा **को** हौँ, जो पिता परमेश्वरले (विगतमा) हामीलाई दिइसक्नुभएको थियो? यसलाई व्यक्तिगत बनाउनुहोस् र आफ्नो उत्तरमा 'ममा...लगाइएको छ' लेख्नुाहोस्। **पद १३-१४** पढ्नुहोस्

---

---

याद राख्नुस् कि, वर्तमान समयमा, जसरी ख्रीष्ट स्वर्गीय स्थानहरूमा अधिकारको स्थानमा विराजमान हुनुभएको छ, त्यसरी नै हामी पनि त्यहि स्थानमा छौं। वर्तमान समयमा, जस्तो ख्रीष्ट हुनुहुन्छ त्यस्तै हामीले पनि उहाँमा प्रत्येक आत्मिक आशीष पाएका छौँ।

**एफिसी १:२१-२३** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

तपाइँले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

वर्तमान समयमा र भविष्यमा येशूको शक्ति र अधिकार **कति** छ? **पद २१** पढ्नुहोस्

---

येशूको परिपूर्णता **को** हो? **पद २३** पढ्नुहोस्

---

येशूले दिनुभएको आफ्नै देह र रगतको बलिदानलाई स्वीकार गर्ने सबै विश्वासीहरूको परिपूर्णता **को** हो?

---

**एफिसी २:४-८** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

तपाइँले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

वर्तमान समयमा हामीले ख्रीष्ट येशूमा **के** पाएका छौँ? **पद ५-६** पढ्नुहोस्

---

---

परमेश्वरले हामीलाई हाम्रो शरीरको अभिलाषाहरू तथा शैतान र सबै दुष्ट आत्माहरूमाथि ख्रीष्टको शक्ति र अधिकारमा स्वर्गीय स्थानहरूमा उहाँसँगै बस्नको लागि **किन** ख्रीष्टसँग जीवित पार्नुभयो र उठाउनुभयो? **पद ४-८** पढ्नुहोस्

---

---

**एफिसी १:१५-१९** पढ्नुहोस्

प्रेरित पावलले सन्तहरूको लागि **के** प्रार्थना गर्छन्?

**पद १७** ____________________

**पद १८** ____________________

---

---

**पद १९** ____________________

यस वचन खण्डमा तपाइँले परमेश्वरको विषयमा सिक्नुभएको एउटा कुरा **के** हो?

---

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

---

---

# पाठ १२: सम्बन्धहरू

*सेमिनार सहभागी: 'दाखको सम्बन्धको विषयमा सिक्यौँ कि, येशूबाट प्राप्त गरेको समयमा, पिताको इच्छाप्रति समर्पित हुनु, मेरो लागि अत्यन्त महत्त्वपूर्ण छ।'*

## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले येशूमा हाम्रो एकता, येशूसँग दाखको बोट र हाँगाहरू बीचको सम्बन्ध वा येशूको प्रेममा जिउने कुरालाई घोषणा गर्दछन्।

## कथा

कल्पना गर्नुहोस् कि तपाइँ एक विशाल दाखको बोटको हाँगा हुनुहुन्छ।

तपाइँ दाखको मुख्य बोटमा गाँसिएको हाँगा हुनुहुन्छ, जो मालीको इच्छामा समर्पित हुन्छ।

तपाइँले गर्न सक्ने भनेको त्याहाँ झुन्डिएर बस्ने मात्र हो, त्यसको अतिरिक्त केहि गर्न सक्नुहुन्न, खाली मुख्य बोटमा झुन्डिएर रहने मात्र।

अब तपाइँ मुख्य बोटमा रहेको कारण, दाखको सम्पुर्ण असल कुराहरू स्वाभाविक रूपमा जराहरूबाट मुख्य बोट हुँदै तपाइँकहाँ बगेर आउँदछ। यसका पानी, यसका पौष्टिक तत्वहरू; सबै थोक दाखको बोटबाट बगेर तपाइँकहाँ आइरहन्छ।

तपाइँको काम भनेको दाखको बोटमा रहीरहने, अनि यसको असल कुराहरू प्राप्त गरिरहनु हो।

एक दिन, तपाइँलाई 'झुनझुनी' महसूस हुन थाल्छ। आफू वृद्धि भएको तपाइँले थाहा पाउनुहुनेछ।

फलको सानो-सानो झुप्पा बन्न थाल्छ। पप (प्रेम), पप, पप (आनन्द, शान्ति), पप, पप, पप (धीरज, कृपा, भलाई), पप, पप, पप (विश्वासनियता, नम्रता, संयम)।

जब सूर्यको उष्णता र वर्षाको झरी तपाइँमाथि पर्दछ, तपाईभित्र जीवनको पानी र दाखको बोटबाट पौष्टिक तत्वहरू बगेर आउँदछ। यो कसरी भैरहन्छ? तपाइँले त केहि पनि गरिरहेको हुनुहुन्न!

तपाइँले त दाखको बोटमा रहेर झुन्डिरहने काम मात्र गर्नुहुन्छ, अनि यसको असल कुराहरू प्राप्त गरिरहनुहुन्छ।

मालीको इच्छा पनि यही नै हो।

स्वाभाविक रूपमा, पानी माथिबाट तलतिर बग्दछ, जस्तै वर्षा, नदिहरू, पोखरीहरू इत्यादि। दाखको बोटलाई जीवित रहनको लागि पानीको आवश्यकता पर्दछ। पानी बिना यो मरेर जान्छ। दाखको हाँगाको लागि पानीको आपूर्ति गर्न दाखको मुख्य बोटबाट पानी पिउन पर्छ – मुख्य बोटबाट प्राप्त गर्नुपर्छ। जीवित रहन र फल फलाउनको लागि हाँगाले पानी पिउनैपर्छ।

*स्वाभाविक रूपमा जस्तो हुन्छ, आत्मिक रूपमा पनि त्यस्तै हुन्छ किनकि परमेश्वरले सबै वस्तुहरूलाई यसरी नै सृष्टि गर्नुभएको छ।*

आत्मिकरूपमा, जीवनको पानी माथिबाट तलतिर बग्दछ, परमेश्वरको सिंहासनबाट येशूद्वारा हाँगाहरूमा आउँदछ। हाँगाहरूले वर्षाबाट पानी सिधै पिउँदैन – यो पानी भूमिमा जान्छ र हाँगाहरूले स्वाभाविक रूपमा मुख्य बोटबाट पिउँदछन्, हाँगाहरूले दाखको सबै असल कुराहरू जराहरू र मुख्य बोटबाट प्राप्त गरिरहन्छ।

**यूहन्ना १५:१-८** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

तपाइँले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

मालि **को** हो?

______________________________

दाखको मुख्य बोट **को** हो?

______________________________

दाखको मुख्य बोटमा जोडिएर रहेको हाँगा **को** हो?

______________________________


जोडिएर रहनुको अर्थ **के** हो?

______________________________

______________________________

______________________________

______________________________



म **कसरी** जोडिएर रहन सक्छु?

______________________________

स्वाभाविक रूपमा जीवित रहन र फल फलाउनको लागि हाँगाहरूले पौष्टिक तत्व वा भोजन खानु पनि अनिवार्य हुन्छ।

**यूहन्ना ४:२७-३८** पढ्नुहोस्

## सन्दर्भ

यस वचन खण्डमा येशू एक बहिष्कृत स्त्रीसँग कुरा गरिरहनु भएको छ। त्यस समयमा यहूदीहरूका कुलका कोहि व्यक्ति पनि सामरिहरूका कुलका कुनै पनि व्यक्तिसँग बात-चित गर्दैनथे, विशेष गरि एक स्त्रीसँग, जो आफ्नै मानिसहरूबाट बहिष्कृत हुन्छिन्, तर येशू (देह र रगतको रूपमा यहूदीहरूका कुलबाट हुनुहुन्थ्यो) यस बहिष्कृत स्त्रीको नजिक जानुभयो, उनीसँग जीवनको पानी (परमेश्वरको आत्मा, पवित्र आत्मा) को विषयमा बताउनुभयो र उहाँ को हुनुहुन्छ सो दर्शाउनुभयो। उहाँ जीवनको पानीको स्रोत हुनुहुन्छ। जब येशूका चेलाहरू फर्कि आए, तब येशूले तिनीहरूलाई आफ्नो भोजन र पाकेको फसलको विषयमा सिकाउनुभयो।

यस बहिष्कृत स्त्रीलाई भेटेर उहाँ को हुनुहुन्छ भनि दर्शाउनु र उहाँलाई अहिलेसम्म नचिन्नेहरूको विषयमा बताउनुको बीचमा येशूले उहाँको भोजन के हो भन्नेकुरा प्रकट गर्नुहुन्छ।

येशूले उहाँको भोजन **के** हो भन्नुभयो जसले उहाँलाई पोषण दिँदछ?

---

*स्वाभाविक रूपमा जस्तो हुन्छ, आत्मिक रूपमा पनि त्यस्तै हुन्छ किनकि परमेश्वरले सबै वस्तुहरूलाई यसरी नै सृष्टि गर्नुभएको छ।*

आत्मिक रूपमा जब हामी हाम्रो पिताको इच्छाप्रति समर्पित हुन्छौँ, तब हामी उहाँको उपस्थितिमा, आराधनामा, उहाँको वचनमा उहाँसँग समय बिताउँदै जाँदा उहाँबाट उहाँका सबै असल कुराहरू पाएर, उहाँको आत्माद्वारा दिन-प्रतिदिन अझ धैरै रूपान्तरण हुँदै जान्छौँ।

जब हामीले येशूबाट (असल कुराहरू) प्राप्त गर्छौं, पिता परमेश्वरको इच्छा प्रति समर्पित हुन्छौँ, तब हामी **कसको** स्वरूपमा रूपान्तरण हुँदै जान्छौँ? **२कोरिन्थी ३:१७-१८** पढ्नुहोस्

---

जब हामी पिताको इच्छाप्रति समर्पित भएर जीवनको पानी पिउँछौँ तब **के** हुनेछ भनि येशू घोषणा गर्नुहुन्छ?

---

**यूहन्ना १५:८** पढ्नुहोस्

निश्चित छ कि फल लाग्नेछ। *स्वाभाविक रूपमा जस्तो हुन्छ, आत्मिक रूपमा पनि त्यस्तै हुन्छ किनकि परमेश्वरले सबै वस्तुहरूलाई यसरी नै सृष्टि गर्नुभएको छ।*

जब हामी पिताको इच्छाप्रति समर्पित भएर हरेक दिन उहाँको उपस्थितिमा पिउँछौँ, तब पवित्र आत्माले हामीलाई धैरैभन्दा धैरै ख्रीष्टजस्तै बनाउनको निम्ति हामीलाई परिवर्तन गर्दै जानुहुन्छ। उहाँको चरित्र हाम्रो चरित्र बन्दै जान्छ। येशूको बोटमा येशू फल लाग्छ। आत्माको फल।

जब हामी पिता परमेश्वरको इच्छाप्रति समर्पित हुन्छौँ, तब हामीले येशूबाट येशूको **कुन** आत्मिक फल र ईश्वरीय स्वभाव वा गुणहरू प्राप्त गर्छौं? **गलाती ५:२२-२३** पढ्नुहोस्

---

यी फलहरू **कसले** उत्पादन गर्नुहुन्छ?

---

जब हामीलाई यो प्रकाश हुँदछ कि परमेश्वरले हामीलाई कति धैरै प्रेम गर्नुहुन्छ, तब हामी उहाँको उपस्थितिमा पिताको इच्छाप्रति समर्पित हुन्छौँ, अनि उहाँले आफ्नो इच्छा अनुसार आफैलाई हामीमा अझ धैरै प्रकट गर्नुहुन्छ ताकि हामी परमेश्वरको परिपूर्णतामा पूर्ण हुन सकौँ। जसै हामी हरेक दिन उहाँको उपस्थितमा रहन्छौँ, पिताको इच्छा प्रति समर्पित भएर येशूबाट असल कुराहरू प्राप्त गर्दै जान्छौँ, अनि उहाँको इच्छा अनुसार उहाँले हामीलाई परिवर्तन गर्दैजानुहुन्छ।

यस पाठबाट तपाइँले परमेश्वरको विषयमा सिकेको एउटा कुरा **के** हो?

---

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

---

---

# पाठ १३: सम्बन्धहरू –
# अन्य मानिसहरूलाई जस्तो छ त्यस्तै गरिने स्वीकृति

*पुनर्मिलाप (सहमतिमा ल्याउनु)। पुनर्स्थापित (स्वास्थ्य, आरोग्यता र जीवन-शक्तिको अवस्थामा फर्काएर ल्याउनु)। नवीकरण (जागृत गर्नु र प्रभावशाली बनाउनु)।*

## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वरको प्रेम र परिवर्तनकारी शक्तिको घोषणा गर्दछन्।

## दश बीउको सामूहिक अभ्यास

हामीले यो सिकेका छौं, कि हाम्रो सबैभन्दा महत्त्वपूर्ण सम्बन्ध भनेको परमेश्वरसँगको सम्बन्ध हो। यदि हामी पिताको इच्छाप्रति समर्पित भएर उहाँको उपस्थितिमा समय बिताउँछौँ, येशूबाट असल कुराहरू प्राप्त गर्दै जान्छौँ भने परमेश्वरले हरेक दिन हामीलाई येशूको स्वभावमा परिवर्तन गर्दैजानुहुन्छ।

परमेश्वर हाम्रो भावनाहरूको वास्ता गर्नुहुन्छ, कि हामी कस्तो महसूस गर्छौं, अन्य मानिसहरूले हामी प्रति कस्तो व्यवहार गर्छन् र हामीले अन्य मानिसहरूसँग कस्तो व्यवहार गर्छौं।

## सामूहिक अभ्यास

सबैजना एक-अर्कालाई देख्नेगरि एउटा घेरा बनाएर बस्नुपर्छ। घेराको बीचमा दश बीउको कार्य तालिका (*परमेश्वरको राज्य कार्यक्रम कार्यपुस्तिका* को पृष्ठ ४५ बाट फोटोकपी गरेर) राख्नुहोस् ताकि सबैजनाले त्यसलाई देख्न सकुन्। कार्य तालिकाको छेउमा धान वा चना वा कुनै पनि थोकको १० वटा बीउ राख्नुहोस्। घेरामा जति जना छन् ति सबैजना तपाइँको समूहका मानिसहरू हुन्। समूहमा ३ देखि १२ जनासम्म जति पनि हुन सकिन्छ। यदि १२ जनाभन्दा धेरै भए दुईवटा समूह बनाउनुहोस्। यदि २४ जनाभन्दा धेरै भए तीनवटा समूह बनाउनुहोस् र प्रत्येक समूहको बीचमा एउटा दश बीउबारे कार्य तालिका र १० वटा बीउहरू राखिदिनुहोस्।

प्रत्येक व्यक्तिलाई एक-एक गरेर समूहमा बोल्ने मौका दिइने छ। प्रत्येकलाई बोल्ने बराबर अधिकार दिनु पर्छ। प्रत्येक व्यक्तिको बराबर महत्त्व छ। प्रत्येक व्यक्तिले समूहमा एक महत्त्वपूर्ण अङ्गको रूपमा काम गर्छन्। प्रत्येक व्यक्तिले आफ्नो समूहलाई बताउनुपर्छ कि उनको बुझाई अनुसार उनीहरूलाई समाजले कार्य तालिकाको कुन खण्डमा राखेको देख्दछन्। उनका समाजले उनीहरूलाई महत्त्वहीन सम्झिन्छन् कि वा केहि महत्त्वको सम्झिन्छन्, वा अत्यन्त महत्त्वपूर्ण सम्झिन्छन्।

प्रत्येक व्यक्तिले यो कुरा राम्ररी बुझ्नु अत्यन्त महत्त्वपूर्ण छ कि उनीहरूका समाजले उनीहरूलाई कुन दृष्टिले हेर्दछन् भन्ने कुरा उनीहरूका लागि शर्मको कुरा होइन। कुनै एक व्यक्तिलाई समाजले कस्तो दृष्टिले हेर्दछन् भन्ने कुरा धेरै कुराको परिणाम हो, जसमा धेरै जसो त्यस व्यक्तिको नियन्त्रणभन्दा बाहिर हुन्छ। सही उत्तर हो: समाजले तपाइँलाई कस्तो दृष्टीले हेर्छन् भनि तपाइँ विश्वास गर्नुहुन्छ।

एक पटक प्रत्येक व्यक्तिले समाजको दृष्टिकोण अनुसार आफू कुन खण्डमा (महत्त्वहीन, केहि महत्त्वको, अत्यन्त महत्त्वपूर्ण) मा रहेको विश्वास गर्दछन् भन्ने कुरा बताइसकेपछि, चुनिएका कोलमहरूमा १० वटा बीउ राख्दै आफ्नो समूहको निष्कर्षलाई कसरी प्रतिनिधित्व गर्ने भनि समूहका सबैजनाले छलफल गर्छन्। १० वटा नै बीउहरू पुरै प्रयोग गर्नु अनिवार्य छ। ती १० बीउहरूले पूरा समूहको प्रतिनिधित्व गर्दछ।

उदाहरण १: यदि ८ जनाको समूह मध्ये ५ जनालाई उनीहरूका समाजले उनीहरूलाई महत्त्वहीन सम्झिन्छन् भन्ने लाग्छ र २ जनालाई उनीहरूका समाजले उनीहरूलाई केहि महत्त्वको सम्झिन्छन् भन्ने लाग्छ र १ जनालाई उनीहरूका समाजले उनलाई अत्यन्त महत्त्वपूर्ण सम्झिन्छन् भन्ने लाग्छ, तब १० बीउलाई यस किसिमले राख्न सकिन्छ, ७ वटा बीउलाई महत्त्वहीन खण्डमा, २ वटा बीउलाई केहि महत्त्वको खण्डमा र एउटा बीउलाई अत्यन्त महत्त्वपूर्ण खण्डमा।

उदाहरण २: यदि ६ जनाको समूह मध्ये ३ जनालाई उनीहरूका समाजले उनीहरूलाई महत्त्वहीन सम्झिन्छन् भन्ने लाग्छ र ३ जनालाई उनीहरूका समाजले उनीहरूलाई केहि महत्त्वको सम्झिन्छन् भन्ने लाग्छ र शुन्य (०) जनालाई उनीहरूका समाजले उनलाई अत्यन्त महत्त्वपूर्ण सम्झिन्छन् भन्ने लाग्छ, तब १० बीउलाई यस किसिमले राख्न सकिन्छ, ५ वटा बीउलाई महत्त्वहीन खण्डमा, ५ वटा बीउलाई केहि महत्त्वको खण्डमा र शुन्य (०) बीउलाई अत्यन्त महत्त्वपूर्ण खण्डमा।

## सामुहिक छलफल

तपाईंले अवलोकन गर्नुभएका कुराहरू छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

**लूका ८:४३-५५** पढ्नुहोस्

यस बाइबलीय खण्डलाई मनन् गर्नुहोस् र बारम्बार पढ्नुहोस्।

## सामूहिक छलफल

**पद ४३-४४** मा येशूको एक स्पर्शले एक बहिष्कृत स्त्रीलाई **के** भयो?

___

**पद ४५** मा येशूले **के** भन्नुभयो?

___

येशूले मलाई के ले छोयो भन्नुभएन, तर कसले छोयो भन्नुभयो। कसले भन्नुको अर्थ व्यक्तिलाई बुझाउँछ। येशूले उनलाई महत्त्वपूर्ण सम्झिनुहुन्छ र उनलाई खोज्नको निम्ति रोकिनुभएर, उहाँको समय दिनुभएर, उनीप्रति आफ्नो ध्यान दिनुभएर उनलाई आदर गर्नुहुन्छ। उनले निको हुने शक्ति प्राप्त गरिसकेकी थिइन्। याद राख्नुहोस् कि संसारको दृष्टिमा येशू एक महत्त्वपूर्ण व्यक्तिको मर्नै लागेकी छोरीलाई बचाउनको लागि जाँदै हुनुहुन्थ्यो।

**पद ४७** मा त्यस स्त्रीले **के** गरी?

___

___

___

येशूले एक बहिष्कृत स्त्रीलाई सर्व शक्तिमान परमेश्वरको रूपमा सृष्टि गरिएको अत्यन्त महत्त्वपूर्ण व्यक्तिको रूपमा स्वीकार मात्र गर्नुभएन, तर येशूको एक स्पर्शले गर्दा अब सारा समाज, चेलाहरू र स्वयम येशू पनि त्यस स्त्रीको कुरा सुनीरहनु भएको छ।

उनले एक स्थान पाइन्। उनको आवाज सुनियो। उनी एक महत्त्वपूर्ण व्यक्ति भइन्। उनी मूल्यवान भइन्।

**पद ४८** मा येशूले त्यस स्त्रीलाई आफ्नो चेलाहरू र सारा समाजको अगाडी **के** भनेर बोलाउनुभयो?

________________________________________

येशूको एक स्पर्शले सम्पूर्ण - शारीरिक, मानसिक र आत्मिक परिपूर्णता पार्दछ। उनले (समाजमा) एक स्थान, एक आवाज, परमेश्वरको सन्तानको रूपमा पुनर्स्थापित परिचय पाउछिन्।

१० बीउको अभ्यासमा फेरि फर्कौं।

समाजले उनीहरूलाई महत्त्वहीन र केहि महत्त्वको मात्र सम्झिन्छन् भन्ने विचार भएकाहरूलाई समाजले उनीहरूलाई अत्यन्त महत्त्वपूर्ण व्यक्ति ठान्छन् भन्ने विश्वास जगाउन **कसरी** सशक्त बनाउन सक्छौं?

१ ____________________________________

२ ____________________________________

३ ____________________________________

४ ____________________________________

यस पाठबाट तपाइँले परमेश्वरको विषयमा सिकेको एउटा कुरा **के** हो?

________________________________________

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

________________________________________

________________________________________

# पाठ १४: सम्बन्धहरू — समानता

*'सिक्यौँ कि येशूमा सम्बन्धहरू समानतामा पुनर्स्थापित हुन्छन्...यो सन्देश सु-समाचार पाएका र नपाएका...सबै समाजमा पुऱ्याउन अति जरूरी छ।' सेमिनार सहभागी*

### सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

### आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वरको प्रेम र चंगाईको शक्तिको घोषणा गर्दछन्।

हामी परमेश्वरको कथा, उहाँको साँचो प्रेम कथा, बाइबलबाट परमेश्वरले कसरी पुरूष र स्त्रीलाई समान रूपमा हेर्नुहुन्छ भन्ने बारेमा केहि कुराहरू अध्ययन गर्नेछौँ।

परमेश्वरले आफ्नो सृष्टिको बारेमा **के** घोषणा गर्नुभयो, जसमा पुरुष र स्त्री दुवैजना समावेश छन्? **उत्पत्ति १:३१** पढ्नुहोस्

---

दुष्टताले क्षतिग्रस्त यस संसारमा बसेर परमेश्वरको राज्यमा हुने सम्बन्धहरूको बारेमा बुझ्ने हो भने, हामी आदिमा (सुरुवातमा) फर्किएर जानुपर्छ। **उत्पत्ति १:२७-२८** पढ्नुहोस्

परमेश्वरले पुरुषलाई **कसको** स्वरूपमा सृष्टि गर्नुभयो?

---

परमेश्वरले स्त्रीलाई **कसको** स्वरूपमा सृष्टि गर्नुभयो?

---

परमेश्वरले एक समान आशीष **कसलाई** दिनुभयो?

---

परमेश्वरले सारा पृथ्वीमाथि समान (शासन गर्ने शक्ति) अधिकार **कसलाई** दिनुभयो?

---

**उत्पत्ति २:१८-२०** पढ्नुहोस्

यी पदहरूमा परमेश्वरले स्त्रीलाई पुरूषको निम्ति एक सुहाउने सहयोगी भनेर सम्बोधन गर्नुभएको छ। यसको अर्थ कोहि यस्तो व्यक्ति जो साथ रहने, जो उस्तै देहबाट बनेको, तर पनि भिन्नै व्यक्ति हुन्छ। कोहि यस्तो व्यक्ति जो पुरुषसँग बराबर हुन्छ, जो एकसाथ मिलेर एउटै हुन सक्छ। कोहि यस्तो व्यक्ति जसले पुरुषलाई परमेश्वरको स्वरूपमा सृष्टि गरिएको एक व्यक्तिको रूपमा पूर्ण बनाउँदछ।


परमेश्वरको वचनको पुरानो करारमा "सहयोगी" भन्ने शब्द प्रायजसो मानिसको साथमा परमेश्वर खडा हुनुभएको संदर्भको निम्ति प्रयोग गरिएको छ। परमेश्वरको वचनको नयाँ करारमा येशू आफैले पवित्र आत्मालाई हाम्रो सहयोगी भनि सम्बोधन गर्नुभएको छ।

परमेश्वरले पुरुष र स्त्रीलाई समान वा असमान सृष्टि गर्नुभयो?

पुरुष र स्त्री समस्त सृष्टिमा परमेश्वरको सर्वोत्तम सृष्टि थिए। मानिस (नर र नारी दुवै) ले परमेश्वरको सास समान रूपमा पाए, ताकि उनीहरू एक अर्काको पूरक बन्न सकुन् र आफ्नो सृष्टिकर्ता परमेश्वर तथा एक अर्कासँग एक समान सम्बन्धमा रहन सकुन्।

पुरुष र स्त्री **भलाईको निम्ति** बनाईएका थिए...समान-समान

के आजको संसार सिद्ध छ?



**भलाईको निम्ति**

परमेश्वरको सिद्ध संसारलाई बदल्नको लागि केहि घटना घट्यो। याद गर्नुहोस् कि परमेश्वरले पुरुष र स्त्रीलाई परमेश्वरको सिद्ध संसार रेखदेख गर्ने मौकाको रूपमा सारा पृथ्वीमाथि अधिकार दिनुभयो। उहाँले उनीहरूलाई उहाँसँगै विजयी भएर जिउनको निम्ति सबै थोक दिनुभयो।

परमेश्वरले पुरुष र स्त्रीलाई मृत्यु चुन्ने कि जीवन चुन्ने, परमेश्वरको ज्ञान र जीवनको रूखमा सहभागी हुन चुन्ने कि दुष्टको छल अनि असल र खराबको ज्ञान दिने रूखमा सहभागी हुन चुन्ने स्वतन्त्र इच्छाका साथ सृष्टि गर्नुभएको थियो।

परमेश्वरले मानिस (नर र नारी दुवै) लाई **के** चुन्न दिनुभयो? **उत्पत्ति २:८-९, १५-१७** पढ्नुहोस्

उत्पत्तिको तीन अध्याय समाप्त हुनु अघि नै पहिलो पुरुष र पहिलो स्त्रीले परमेश्वरको ज्ञान र जीवनको रूखमा सहभागी हुन चुन्नुको साटो दुष्टको छल अनि असल र खराबको ज्ञान दिने रूखमा सहभागी हुनलाई चुने। पुरुष र स्त्रीले घनिष्टतामा बढ्दै, परमेश्वरको बुद्धि पाएर अन्ततः जीवन र फलवन्ततामा पुऱ्याउने विश्वासको सम्बन्धलाई लत्याएर दूरी बढाउने, परमेश्वरको बुद्धिलाई इन्कार गर्ने अनि अन्तमा मृत्यु र विनाशमा पुऱ्याउने अविश्वासको सम्बन्धलाई चुने। पुरुष र स्त्रीले यस सिद्ध संसारमा मृत्यु र दुष्टतालाई प्रवेश गर्न दिए। **उत्पत्ति ३:१-७, १६-१७** पढ्नुहोस्

अहिले पुरुष र स्त्रीको पारस्परिक सम्बन्ध **कस्तो** छ, समान कि असमान?

दुवै जनाले एक अर्कालाई नियन्त्रण र अधिकार गर्ने प्रयास गर्छन्। स्त्रीले पुरुषलाई नियन्त्रणमा राख्ने इच्छा गर्छिन् र पुरुषले चाहिँ स्त्रीलाई आफ्नो अधिनमा राख्ने प्रयास गर्छ।

**उत्पत्ति** ४:७ पढ्नुहोस्


**उत्पत्ति ३:१६-१७** को सन्दर्भमा 'इच्छा' शब्दको अर्थ पछि लाग्नु र नियन्त्रण गर्नु तथा हेरफेर गर्ने प्रयास गर्नु भन्ने हुन्छ। **उत्पत्ति ३:१६-१७** को सन्दर्भमा 'अधिन' शब्दको अर्थ अधिकार गर्नु र अत्याचार गर्नु भन्ने हुन्छ।

दुष्टताले प्रभावित भएकी स्त्रीले अब पुरुषलाई **के** गर्न चाहन्छिन्?

_______________________________________

दुष्टताले प्रभावित भएको पुरुषले अब स्त्रीलाई **के** गर्न चाहन्छ?


_______________________________________



**दुष्टताले बिगारेको छ**

पुरुष र स्त्रीलाई **दुष्टताले बिगारेको छ**...असमान-असमान

तर कथा यहाँ समाप्त हुँदैन। परमेश्वर आफ्नो महान प्रेममा आफ्नो सृष्टि बीच देह र रगत धारण गरि मानिस भई ओर्ली आउनुभयो र मानिसको अपराधको परिणामस्वरूप हुनआएका सबै क्षति, रोग, मृत्यु र यस संसारमा प्रवेश गरेको दुष्टतालाई आफैमाथि लिएर क्रूसमा बलिदान हुनुभयो, अनि सबै क्षति, रोग, मृत्यु र दुष्टतालाई जितेर येशू पुनरुत्थान हुनुभयो र हामीलाई उत्तम कुराको निम्ति पुर्नस्थापित गर्नुभयो।




**उत्तम कुराको निम्ति पुर्नस्थापित गर्नुभयो**

पुरुष र स्त्रीलाई **उत्तम कुराको निम्ति पुर्नस्थापित गर्नुभयो**...समान-समान

तर कथा यहाँ पनि समाप्त हुँदैन। परमेश्वरले आफ्नो महान प्रेममा हामीलाई दुष्टताले क्षतिग्रस्त यस संसारमा दुष्टको झूठो कुराको निन्दा गर्ने, छलमा नपरेर सत्यतालाई जान्ने, र हाम्रा आफ्नै स्वार्थी चाहनाहरूमाथि विजयी भएर जिउने सामर्थ्य र अधिकार दिनुहुन्छ।

जब हामी नियन्त्रण गर्ने र अधिनमा राख्ने आफ्ना चाहनालाई त्यागेर येशू देह र रगत बनेर आउनुभई, मर्नु, पुनरुत्थान र स्वर्गारोहण हुनुभएर हामीलाई दिनुभएका सबै कुराहरू अपनाउँदै हाम्रो पिताको इच्छाप्रति निरन्तर समर्पित हुन्छौं, तब हाम्रा पुराना स्वभाव मरेर जान्छन् र हामी दुष्टताले क्षतिग्रस्त यस संसारको वर्तमान समयमा साँच्चै जिउँछौं।



**चंगाई गर्नको निम्ति पठाइन्छन्**

परमेश्वरले आफ्नो महान प्रेममा उहाँको पुनर्स्थापन र चंगाईको मिशन (सेवाकार्य) मा हामीलाई एउटा भाग दिनुहुन्छ। पाठ १५ र १६ मा उहाँको कथा, बाइबलबाट परमेश्वरको प्रेम र उहाँको चंगाईको मिशन (सेवाकार्य) मा हामीलाई एउटा भाग दिनुहुन्छ भन्ने बारेमा अध्ययन गर्नेछौं।

पुरुष र स्त्री **चंगाई गर्नको निम्ति पठाइन्छन्**...समान-समान

यस पाठबाट तपाइँले परमेश्वरको विषयमा सिकेको एउटा कुरा **के** हो?

_______________________________________

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

_______________________________________

_______________________________________

# पाठ १५: सम्बन्धहरू — चेलापन

*जब हामी आफ्नो जीवनयात्रामा अघि बढ्छौँ, जस्तो सुकै परिस्थिति आइपरे तापनि, हामी जहाँ गए तापनि, सर्वशक्तिमान र सर्वव्यापी परमेश्वर सदा हाम्रो साथमा रहनुहुन्छ...घनिष्ठ र व्यक्तिगत रूपमा।*

## सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

## आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले परमेश्वर हामीहरूसँग हुनुहुन्छ भन्ने कुरालाई घोषणा गर्दछन्।

## बाइबल अध्ययन

सम्झिनुहोस्, यस यात्राको सुरुमा हामीले सिक्यौँ कि परमेश्वर र तपाइँको निम्ति उहाँको प्रेमलाई थाहा गरे सँगै चेलापनको सुरुवात हुन्छ, अनि यो कुरा जानेर सुरु हुन्छ कि उहाँ को हुनुहुन्छ, उहाँले के गर्नुभएको थियो र उहाँले के गर्नुहुनेछ। परमेश्वरसँग, उहाँको वचनमा, उहाँको उपस्थितिमा, आराधनामा, प्रार्थनामा र अन्य विश्वासीहरूसँग समय बिताउने कार्यले परमेश्वरलाई चिन्नको निम्ति हामीलाई मद्दत गर्छ।

चेलापन हामीमा र अरूहरूमा एक दैनिक नित्य प्रक्रिया हो। जस्तो हामीले दाखको बोटको सम्बन्ध भन्ने पाठमा सिक्यौँ कि हाम्रो चरित्रमा परिवर्तन र वृद्धि ल्याउने कार्य पवित्र आत्माको हो। परमेश्वरले आफूलाई अरू मानिसहरूकहाँ प्रकट गर्नको लागि उहाँलाई हाम्रो आवश्यकता पर्दैन तर पनि हाम्रो निम्ति उहाँको महान प्रेमको कारण उहाँले हामीलाई आफ्नो योजनाको एक भाग बनाउन हामीलाई चुन्नुभयो। यदि अन्य मानिसहरूले परमेश्वर, उहाँको सत्यता, उहाँको प्रेम र सामर्थ्यको बारेमा जान्न चाहन्छन् भने तिनीहरूले पहिला उहाँको विषयमा सिक्नुपर्छ।

हामी **कसका** चेला हौं?

---

सारा शक्ति र अधिकार **को** सँग छ? **मत्ती २८:१८-२०** पढ्नुहोस्

---

यी तीन पदहरूमा येशूले आफ्नो चेलाहरूलाई **कुन** चार कामहरू गर्नु भन्नुभयो?

१. जाओ

यस सन्दर्भमा 'जाओ' को अर्थ यो पनि हुन सक्छ कि जसै हामी आफ्नो जीवनयात्रामा अघि बढ्दै जान्छौँ (हामी जस्तो परिस्थितिमा भए तापनि), जब हामी एक ठाउँबाट अर्को ठाउँमा यात्रा गरेर जान्छौँ (हामी जुनसुकै क्षेत्रमा रहे तापनि), हरेक परिस्थिति र हरेक क्षेत्रमाथि येशूको सारा शक्ति र अधिकार छ। हामीहरू प्रत्येक व्यक्ति उहाँसँगको हाम्रो दैनिक जीवनयात्रामा जहाँ कहिँ भए तापनि, उहाँ आफ्नो आत्माद्वारा घनिष्ठ र व्यक्तिगत रूपमा हामी प्रत्येकको साथमा, प्रत्येक चेलाभित्र हुनुहुन्छ।

२. बप्तिस्मा देओ

यस सन्दर्भमा बप्तिस्मा दिनु को अर्थ अन्य मानिसहरूलाई येशूको चेला बन्नको लागि सशक्त गराउनु हो। उहाँलाई ग्रहण गर्नु, उहाँको .पहिचान, उहाँको आत्मा र पिता प्राप्त गर्नु हो। उहाँमा पुरै डूब्नु भनेको उहाँको शक्ति र अधिकार प्राप्त गर्नु, र उहाँको आत्माद्वारा वर्तमान तथा भविष्यको लागि स्थायी, सकारात्मक परिवर्तन प्राप्त गर्नु हो।

३. सिकाओ

प्रभावशाली शिक्षा भनेको अरू मानिसहरूलाई येशूको बारेमा सिक्न, उहाँसँगको तिनीहरूको सम्बन्धमा वृद्धि हुन र अरूहरूलाई सिकाउनको लागि सशक्त गर्नु हो। सिकाउनु भनेको हामीले कति जानेका छौँ भनि देखाउनु वा हामी ठिक छौँ भनि प्रमाणित गर्नु होइन। प्रत्येक जातिका सबै मानिसहरू, पुरुष र स्त्री (समान-समान), वयस्क र बालक (समान-समान) लाई, सिकाउनु हो।

४. चेला बनाओ

यस सन्दर्भमा चेला बनाउने कार्य नै प्रमुख कार्य हो। हामी मानिसहरूलाई बप्तिस्मा दिएर (येशू, उहाँको पहिचान, उहाँको आत्मा र पितालाई प्राप्त गर्न सशक्त बनाएर) र उनीहरूलाई शिक्षा दिएर (येशूको विषयमा सिक्न र उहाँमा वृद्धि हुनलाई सशक्त बनाएर) चेला बनाउँछौं।

यशूको चेला बनाउने कार्य परमेश्वरको भुमीकाद्धारा उहाँको योजना पुरा गर्नु हो (**एफिसी १:९-१०**)। उहाँका चेलाहरूलाई र चेलाहरूद्वारा चेला बनाउने कार्य पवित्र आत्माको हो। परमेश्वरले आफ्नो योजना उहाँका चेलाहरू, हामीलाई प्रकट गर्नुभएको छ, र हामीप्रति भएको उहाँको महान प्रेमको कारण उहाँले हामी प्रत्येकलाई आफ्नो योजनामा एक भूमिका दिनुभएको छ।

जब हामी येशूको विषयमा *सिक्छौं*, जब हामी येशूसँग व्यक्तिगत सम्बन्ध राखेर दिन प्रतिदिन उहाँलाई धेरैभन्दा धेरै *जान्दछौं* र यस जीवनयात्रामा हामीसँगसँगै अघि बढ्नेहरूलाई पनि चिन्छौं, तब जसरी येशूले आफैलाई हामीसँग बाँड्नु भएको छ, त्यसरी नै हामीले पनि येशूको बारेमा अरू मानिसहरूलाई *बताउँछौं*, जसरी येशूले हाम्रो सेवा गर्नुभएको छ, त्यसरी नै हामीले पनि येशूको नाममा, उहाँको आत्माद्वारा अरू मानिसहरूको *सेवागछौं*, यसरी परमेश्वरको योजना पूर्ण हुँदै जान्छ।




प्रत्येक चेलासँग साक्षी वा गवाही हुन्छ, किनकि प्रत्येक चेलाको हृदयमा पवित्र आत्मा हुनुहुन्छ जो येशूको साक्षी हुनुहुन्छ। तपाइँको साक्षी यहि हो कि तपाइँ आफूभित्र भएको ख्रीष्टको परिवर्तनकारी शक्तिद्वारा जस्तो व्यक्ति हुनको निम्ति परमेश्वरले तपाइँलाई सृजनुभएको थियो त्यस्तै बन्नु।

## साक्षी

येशूको चेला हुनुभन्दा पहिले तपाइँ **कस्तो** प्रकारको व्यक्ति हुनुहुन्थ्यो?

येशूको चेला हुनुभएपछि तपाइँ **कस्तो** प्रकारको व्यक्ति हुनुभएको छ? येशूले तपाइँको लागि र तपाइँमा के परिवर्तन ल्याउनुभएको छ?

जब तपाइँले येशूको आफ्नै देह र रगतको बलिदानलाई स्वीकार गर्ने र येशूको चेला बन्ने निर्णय लिनुभयो, त्यस समय तपाइँको जीवनमा **कस्तो** परिस्थिति थियो?

त्यो सबैभन्दा महत्त्वपूर्ण कुरा **के** थियो जसको कारण तपाइँले येशूको आफ्नै देह र रगतको बलिदानलाई स्वीकार गर्नुभयो र येशूको चेला बन्नुभयो?

वर्तमान समयमा तपाइँको जीवनमा भएको सबैभन्दा महत्त्वपूर्ण फरक **के** हो?

भविष्यमा तपाइँको जीवनमा सबैभन्दा महत्त्वपूर्ण फरक **के** हुने छ?

यस पाठबाट तपाइँले परमेश्वरको विषयमा सिकेको एउटा कुरा **के** हो?

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

# पाठ १६: सम्बन्धहरू — परमेश्वरको राज्य

*हामी उहाँजस्तै बन्छौँ जसको हामी आराधना गर्छौँ ।*

### सुरुको प्रार्थना

यस पाठलाई प्रार्थना द्धारा शुरु गर्नुहोस्।

### आराधना

दुई वा तीन आराधनाका यस्ता भजन गाउनुहोस् जुन भजनहरूले येशू राजा हुनुहुन्छ भन्ने कुरा घोषणा गर्दछन्।

याद गर्नुहोस् कि यस यात्राको सुरुमा हामीले सिकेका थियौँ कि परमेश्वरले आफैलाई र आफ्नो योजनालाई प्रकट गर्न चाहनुहुन्छ, जुन चाहि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरूलाई ख्रीष्ट येशूमा एक बनाउनु हो। येशू परमेश्वरको राज्यको राजा हुनुहुन्छ।

### शब्द अध्ययन

*'राज्य'* को अर्थ एउटा राज्यमाथि शासन गर्ने अधिकार वा अख्तियार वा शक्ति र कुनै शासन वा अधिकारमुनि रहेको इलाका वा क्षेत्र दुवै हुन्छ।

*'परमेश्वर'* को अर्थ सर्वोच्च ईश्वर हो, जसलाई हामी पिता, पुत्र र पवित्र आत्मा भनेर चिन्दछौँ।

*'परमेश्वरको राज्य'* स्वर्ग र पृथ्वीमाथि शासन गर्ने येशूको अधिकार वा अख्तियार वा शक्ति हो। येशू ख्रीष्टको सन्देश र सेवकाई र उहाँको चंगाईको सेवाकाईमा उहाँको चेलाहरूको भूमिका बारे बुझ्नको लागि परमेश्वरको राज्यको स्वरूप एक महत्त्वपूर्ण कुरा हो।

### बाइबल अध्ययन

**लूका ४:४३** र **प्रेरित १:१-४** पढ्नुहोस्

येशूले परमेश्वरको राज्यको विषयमा प्रचार गर्नुभयो र शिक्षा दिनुभयो, परमेश्वरको राज्यलाई उदाहरण सहित प्रदशन गर्नुभयो, र उहाँ नै परमेश्वरको राज्यको शासक हुनुहुन्छ।

येशूले भन्नुभएका **के** कुरा उहाँ देह र रगतमा आउनाले पूरा भयो? **लूका ४:१८-१९** पढ्नुहोस्

१ ______________________________

२ ______________________________

३ ______________________________

४ ______________________________

५ ______________________________

६ ______________________________

परमेश्वरको राज्य दुष्टताले क्षतिग्रस्त यस संसार, यस पृथ्वीमाथि, येशू ख्रीष्टमा आइसकेको छ।

येशूले यूहन्नालाई **के** कुरा भन्नुभयो जुन परमेश्वरको राज्य/स्वर्गको राज्य पृथ्वीमा आइसकेको छ भन्ने कुराको प्रमाण हो? **मत्ती ११:३-५** पढ्नुहोस्

१ ____________________

२ ____________________

३ ____________________

४ ____________________

५ ____________________

६ ____________________

पुरानो करारमा धेरै जनाले यस दिनको बारेमा अगमवाणी बोलेका छन् कि अन्धाहरूले दृष्टि पाउँनेछन्, लङ्गड़ाहरू हिँड्नेछन्, बहिराहरूले सुन्नेछन्। यसले केवल आत्मीक चंगाईलाई मात्र दर्शाउँदैन। येशूले प्रकट गर्नुभयो कि परमेश्वरको राज्य सम्पूर्ण चंगाइको राज्य हो: आत्मिक, शारीरिक र मानसिक। सम्पूर्ण परिपूर्णता र शान्ति।

परमेश्वर पिताले येशूलाई बन्धनमा परेकाहरूलाई छुटकारा दिन, टूटेका हृदयहरूलाई चंगाई गर्न र परमेश्वरको राज्य आइसकेको छ भनि घोषणा गर्न दुष्टताले क्षतिग्रस्त यस संसारमा (जो दुष्टको प्रभाव र मानिसको अधिकार तथा नियन्त्रण गर्ने चाहनाको अधीनमुनि छ) पठाउनुभयो। जो जसले येशूले दिनुभएको आफ्नै देह र रगतको बलिदानलाई स्वीकार गर्छन्, तिनीहरू सदा-सर्वदाको लागि बचाइनेछन्। मृत्युको राज्यबाट निकालेर जीवनको राज्यमा फिर्ता ल्याईनेछन्।

**मत्ती १९:१३-१५** (**मर्कूस १०:१३-१६** र **लूका १८:१५-१७** पनि) पढ्नुहोस्

बालबालिका प्रति येशूको कस्तो दृष्टिकोण छ भन्ने कुराबाट हामी **के** सिक्छौँ?

____________________

____________________

____________________

____________________

____________________

____________________

वयस्कको तुलनामा बालबालिकाहरू प्रति येशूको दृष्टिकोण **कस्तो** छ, समान वा असमान?

____________________

## सामूहिक छलफल

परमेश्वरको राज्य के हो भनि तपाइँ विश्वास गर्नुहुन्छ, समूहमा छलफल गर्नुहोस्। उत्तरहरू लेख्नुहोस्।

१ ______________________________

२ ______________________________

३ ______________________________

४ ______________________________

५ ______________________________

६ ______________________________

७ ______________________________

परमेश्वरको राज्य येशूमा प्रकट भएको छ।

येशूले हामीलाई दुष्टताले क्षतिग्रस्त यस संसारमा पनि परमेश्वरको राज्यमा उहाँको आत्माद्वारा, उहाँको शक्ति र अधिकारका साथ जीवन जिउने र परमेश्वर पिताको महिमाको लागि परमेश्वरको राज्य विस्तार गर्ने जिम्मेवारी दिनुभएको छ।

परमेश्वरसँग, उहाँको वचनमा, उहाँको उपस्थितिमा, आराधनामा, प्रार्थनामा र अन्य विश्वासीहरूसँग समय बिताउँदै, येशूबाट सबै कुरा प्राप्त गर्दै, दुष्टताले क्षतिग्रस्त यस संसारमा येशूको विजयको पुर्णतामा जीवन जिउँदै, उहाँको महान प्रेमको साक्षी दिँदै, चेला बनाउँदै गर्दा हामी परमेश्वरको र हाम्रो लागि उहाँको प्रेमको बारेमा जति धेरै जान्दछौं, उति नै धेरै हामी वर्तमान समयमा यस पृथ्वीमा परमेश्वरको राज्यमा जिवन जिउँछौं।

यस पाठबाट तपाइँले परमेश्वरको विषयमा सिकेको एउटा कुरा **के** हो?

______________________________

तपाइँको व्यवहारिक प्रतिकृया/प्रार्थना **के** छ?

______________________________

______________________________

## प्रार्थना

**एफिसी ३:१४-२१** *यसर्थ पिता अघि प्रार्थनामा म झुक्दछु। स्वर्गको र पृथ्वीको प्रत्येक परिवारले उहाँबाट नै यसको नाम लिन्छन्। म पितालाई आफ्नो महिमामयी सम्पत्ति अनुसार तिनीहरूलाई शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दछु, जसमा कि आफ्ना आत्मामा तिमीहरू दरिलो हुन सक्छौ। उहाँको आत्माद्वारा उहाँले तिमीहरूलाई त्यो शक्ति दिनुहुन्छ। तिमीहरूको विश्वासको कारणले ख्रीष्ट तिमीहरूको हृदयमा बसुन् भनी म प्रार्थना गर्दछु। म प्रार्थना गर्दछु, ख्रिष्टको प्रेमको महानता बुझ्ने शक्ति परमेश्वरका सबै मानिसहरूले पाउन्। अनि प्रार्थना गर्दछु कि परमेश्वरका जम्मै तिमीहरूलाई र परमेश्वरको पवित्रजनले ख्रिष्टको प्रेमको महानता बुझ्ने शक्ति पाउन्। म यो पनि प्रर्थना गर्दछु कि उहाँको प्रेमको चौंडाई, लम्बाई, उँचाई र गहिराई तिमीहरूले बुझ्न सक। ख्रिष्टको प्रेम मानव समझभन्दा बाहिर छ। तर तिमीहरूले त्यो प्रेम बुझ्न सक भन्ने मेरो प्रार्थना छ।*

*परमेश्वरको शक्ति जो हामीभित्र काम गरिरहेकोछ, त्यसले हामीले सोचेको वा कल्पना गरेकोभन्दा धेरै गर्न सक्छ। मण्डलीमा अनि ख्रीष्ट येशूमा सदा सर्वदा र युग-युगसम्म उहाँको महिमा भइरहोस्। आमिन।* (ERV)

| महत्त्वहीन | केहि महत्त्वको | अत्यन्त महत्त्वपूर्ण |
| --- | --- | --- |
| | | |